**उपभोक्ता अधिकारको रक्षा गरौं**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानि पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरूपमा मनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत ०५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 18 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९९

## काली कम्बलवाला बाबाको शिविरमा प्रहरी हस्तक्षेप

प्रस, वीरगंज, ४ चैत/

वीरगंज चिनी कारखानाको खाली जग्गामा सञ्चालित भारतीय काली कम्बलवाला बाबाको शिविरमा आइतवार प्रहरीले हस्तक्षेप गरी बन्द गराएको छ।

बाबालाई पर्सा प्रहरीले नियन्त्रणमा लिन खोज्दा कथित भक्तजनहरूले प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। आज दिउँसो शिविरमा प्रहरीले हस्तक्षेप गरी बाबालाई नियन्त्रणमा लिई बेपत्ता बनाएको शिविरमा आएका मानिसहरूको भनाइ छ। यता प्रहरीले पनि बाबा कहाँ गएको भनी थाहा नभएको बताएको छ। शिविरमा क्यान्सर, उच्च रक्तचाप, पत्थरी, गुङ्गो अन्धो, लुलो, मधुमेहलगायतका बिरामीहरूलाई कालो कम्बलले छुना साथै निको हुने भन्दै नेपाल र भारतबाट हजारौंको सङ्ख्यामा बिरामीहरू पुगेका थिए । गत चार दिनदेखि निश्शुल्क सञ्चालित शिविरमा बिरामीहरू निको भएका कसैले ठोकुवा गर्न सकेन। वर्षौंदेखि हिंड्न नसक्ने बिरामीहरू बाबाले कालो कम्बलले छुना साथै तथा आर्शीवाद दिएपछि निको हुने अन्धविश्वास बोकेर भारतबाट आएका बिरामी तथा कुरुवाहरूको सो क्षेत्रमा दैनिक भीड लाग्ने गरेको थियो ।



तस्वीरः प्रतीक



बाबालाई नियन्त्रणमा लिई प्रहरीले बेपत्ता बनाएपछि गण्डकदेखि पावरहाउस चोकसम्मको सडकखण्ड एक घण्टा जाम भएको थियो ।

आयोजकमध्येका एकजनाले शिविर सञ्चालन भएपछि वीरगंजका अस्पताल खाली भएपछि चिकित्सकहरूको निर्देशनमा शिविरमा प्रहरीले हस्तक्षेप गरेको आरोप लगाए ।

## भूमिहीनको विपक्षमा स्थानीय तह –अध्यक्ष अहमद

प्रस, वीरगंज, ४ चैत/

पर्सामा निर्वाचित जनप्रतिनिधिहरूले भूमिहीनको पक्षमा आवाज उठाउन नसकेको राष्ट्रिय भूमि आयोग जिल्ला कार्यसमिति पर्साका अध्यक्ष तबरेज अहमदले आरोप लगाएका छन् ।

नेपाल पत्रकार महासङ्घ पर्सा शाखामा भएको पत्रकार सम्मेलनमा भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीहरूको हकमा आयोगले काम गरे पनि भूमि दिलाउन मुख्य भूमिका स्थानीय पालिकाको रहेको अध्यक्ष अहमदले बताए । निर्वाचित जनप्रतिनिधिहरू बजेट सक्याउनमैं व्यस्त रहेकाले उनीहरूले आयोगले गरेका काममा सहयोग नगरेको आरोप उनको थियो । आआफ्ना पालिकाहरूमा कति सङ्ख्यामा भूमिहीन रहेको, उनीहरूलाई कसरी व्यवस्थापन गर्नेबारे आयोगले पटकपटक अन्तर्क्रिया गराउनुका साथै लिखित पत्राचार गरे पनि हालसम्म सोसम्बन्धी तथ्याङ्क दिन सकेको अध्यक्ष अहमदले बताए । जुन पालिकाहरूले तथ्याङ्क उपलब्ध गराएका छन्, त्यहाँका भूमिहीनहरूलाई वैशाखको पहिलो सातामा जग्गाधनी पुर्जा बाँड्ने तयारी भइरहेको पत्रकार सम्मेलनमा अध्यक्ष अहमदले बताए।

कार्यक्रममा आयोगका सदस्यसचिव रहेका नापी कार्यालयका प्रमुख राकेशकुमार झाले आयोग पर्सामा हालसम्म छ हजार ८८९ वटा निवेदन दर्ता भएको पत्रकार सम्मेलनमा जानकारी दिए। उनले पर्सा जिल्लाको ठोरी गापा वडा नं ४ र ५ राष्ट्रिय निकुञ्जमा परेकाले नक्शापासमा रोक लगाइएको बताए। उनले पर्सागढी नगरपालिकाको वडा नं २ मा नापनक्शा भएको, फिल्ड बूक उतार र श्रेस्ता कायम गर्ने प्रक्रिया शुरू भएको बताए ।



तस्वीरः प्रतीक

ठोरी गाउँपालिकामा भूमिहीन दलित २६, भूमिहीन सुकुमबासी एक हजार ७४०, अव्यवस्थित बसोबासी एक हजार ९०६ जनाले निवेदन दिएका छन् ।

त्यस्तै, पर्सागढी नगरपालिकामा भूमिहीन दलित ७७२, भूमिहीन सुकुमबासी ३५७, अव्यवस्थित बसोबासी ५५४ जनाले निवेदन दिएका छन् ।

बहुदरमाई नगरपालिकामा भूमिहीन दलित २१, भूमिहीन सुकुमबासी ७८, अव्यवस्थित बसोबासी ६९ जनाले निवेदन दिएका छन् ।

वीरगंज महानगरपालिकामा भूमिहीन दलित १६, भूमिहीन सुकुमबासी ५०, अव्यवस्थित बसोबासी १५१ जनाले निवेदन दिएका छन् ।

सखुवाप्रसौनी गाउँपालिकामा भूमिहीन दलित ५२८, भूमिहीन सुकुमबासी ३५२, अव्यवस्थित बसोबासी एक हजार २१५ जनाले निवेदन दिएका सदस्यसचिव झाले बताए ।

राष्ट्रिय भूमि आयोग पर्साले दुईपटक सूचना प्रकाशित गरे पनि हालसम्म विन्ध्यवासिनी, कालिकामाई, जगरनाथपुर, छिपहरमाई, धोबिनी, पटेर्वासुगौली, पकाहामैनपुर, जीराभवानी गापा र पोखरिया नपाले बेवास्ता गरेको अध्यक्ष अहमद जानकारी दिएका थिए ।

## आठ दिनमा राउन्ड टेबुलद्वारा नौ स्थानमा रक्तदान
## ३० जना महिलासहित ४६५ जना सहभागी

प्रस, वीरगंज, ४ चैत/

राउन्ड टेबुल नेपाल टेबुल नं ८ ले फागुन २६ गतेदेखि शुरू गरेको आठ दिने रक्तदान कार्यक्रममा ३० जना महिलासहित ४६५ जना सहभागी भएका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

राउन्ड टेबुल नेपालले परवानीपुरबाट रक्तदान कार्यक्रमको शुभारम्भ गरेको थियो ।

त्यसपछि क्लार्क रिसोर्ट, भरतचोक कलैया, आदर्शनगर वीरगंज, मारुती फर्मा तथा रियल स्टील कारखाना, नेपोभिट तथा म्याग्नस कारखाना जीतपुर र शनिवार वीरगंजको माईस्थान र सुखचैनामा आठ दिनको नवौं शिविर सञ्चालन गरेर सम्पन्न भएको राउन्ड टेबुल नेपाल पर्साका अध्यक्ष आकाश सर्राफले बताए।

आठ दिनका नौवटा शिविरमा ३० जना महिला र ४३५ पुरुष गरी ४६५ जनाले रक्तदान गरेका उनले बताए । राउन्ड टेबुलले अन्तर्राष्ट्रिय दिवसको अवसरमा प्रत्येक वर्ष रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएको र यस वर्ष पनि सो अभियानलाई निरन्तरता दिएको अध्यक्ष सर्राफले बताए। उनले गत वर्ष ४०० पिन्ट सङ्कलन भएको जानकारी गराएका थिए ।



तस्वीरः प्रतीक

## आलोचना भएपछि एक्स्पो सञ्चालकले राजस्व तिरे

प्रस, वीरगंज, ४ चैत/

फागुन २ गतेदेखि वीरगंजको रातो बङ्गलामा सञ्चालन भइरहेको दोस्रो वीरगंज फूटवेयर एक्सपोले महानगरपालिकालाई एक सातापछि राजस्व बुझाएको देखिन आएको छ ।




तस्वीरः प्रतीक

दोस्रो वीरगंज फूटवेयर एक्सपो महानगरको बिपी उद्यान (रातो बङ्गला)मा फागुन २ गतेदेखि सञ्चालनमा आएको हो। सञ्चालनमा आउनुअगाडि राजस्व बुझाउनुपर्ने थियो तर एक्स्पोले राजस्व नबुझाएर एक साता सञ्चालनमा ल्यायो। राजस्व नबुझाएर एक्स्पो सञ्चालन भएको कुरा बाहिरिएपछि फागुन ९ गते एक्स्पोले महानगरलाई एक लाख ४७ हजार राजस्व बुझाएको थियो ।

महानगरको नियम अनुसार प्रतिवर्गफुट रु १५ मासिक राजस्व तिर्नुपर्छ। दोस्रो वीरगंज फूटवेयर एक्स्पो सञ्चालन भएको एक महीना बितिसकेको छ र बुझाइएको राजस्वको अवधि सकिए पनि अहिले थप राजस्व बुझाइएको छैन।

एक्स्पो सञ्चालन गर्न रातो बङ्गलाको करीब अढाई कट्ठाभन्दा बढी जमीन उपयोग भएको छ। एक महीना अवधि चैत १ गते नै सकिएको र थप अवधिको राजस्व बुझाइएको छैन ।

महानगरले शुरूमा एक हप्तापछि राजस्व बुझेको र अहिले चार दिन अवधि बितिसक्दा पनि थप राजस्व लिनेतर्फ चासो देखाएको छैन ।

दोस्रो वीरगंज फूटवेयर एक्स्पो सञ्चालन हुँदा उत्पादन मूल्यमा १० देखि ५० प्रतिशत छुट दिने पत्रकार सम्मेलन गरी घोषणा गरिए पनि एक्स्पोमा बजार मूल्यभन्दा बढीमा जुत्ताचप्पल बिक्री भइरहेको उपभोक्ताहरूले गुनासो गरेका छन्। मेलामा सस्तो हुनुपर्नेमा बजारभन्दा महँगो भएको केही उपभोक्ताहरूले आरोप लगाएका छन् । एक्स्पोमा १३ वटा स्वदेशी कम्पनीका जुत्ताचप्पल बिक्रीका लागि राखिएका छन्। यसअघि पनि वीरगंजमा एक्स्पो सञ्चालन भएको थियो ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित शैक्षिक संस्थाको लागि देहायबमोजिमको योग्य कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र सम्पूर्ण बायोडाटासहित तल दिएको ईमेलमा आफ्नो दरखास्त बुझाउन सकिनेछ ।

**पद : ई-लाइब्रेरियन - १**

ईमेल : eduinstitutioninfo@gmail.com

योग्यता : ई–लाइब्रेरियन पदका लागि ई–लाइब्रेरी विज्ञानमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित कुनै पनि निजी, सरकारी तथा सामुदायिक संस्थामा ई–लाइब्रेरियन भई कम्तीमा एक (१) वर्षको अनुभव एवं अङ्ग्रेजी र नेपाली टाइपिङमा राम्रो दख्खल भएको हुनुपर्नेछ ।

## डा राउतद्वारा भ्रष्टाचारीलाई पक्राउ गरेकोमा सरकारको प्रशंसा

प्रस, वीरगंज, ४ चैत/

जनमत पार्टीका अध्यक्ष एवं सङ्घीय सांसद डा सिके राउतले अहिलेको सरकारले भ्रष्टाचारमा संलग्न ठूला व्यक्तिहरूलाई पक्राउ गरेकामा प्रशंसा गरेका छन् ।

उनले ठूलाहरूको संलग्नतामा भ्रष्टाचार बढेकोले देशमा सुशासन कायम नभएको बताए । तत्काल चालिएका यी कदमले निरन्तरता पाउनुपर्ने र अकूत सम्पत्ति कमाएका सबैलाई कारबाईको दायरामा ल्याउनुपर्ने माग गरे ।

वीरगंजमा जनमत पार्टीको दुई दिने केन्द्रीय समितिको बैठकपछि आइतवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष डा राउतले केन्द्रीय समितिको बैठकले



तस्वीरः प्रतीक

११ बुँदे निर्णय गर्दै समापन भएको जानकारी गराए । उनले देश आर्थिक मन्दीबाट गुज्रिरहेको अवस्थामा उद्योग–व्यवसाय डुब्न नदिन सरकारले ठोस नीति ल्याउनुपर्ने, जसमा ठूला अर्थनीति, पूँजी सुरक्षित राख्ने नीति, उद्योग–व्यवसाय डुब्न र पलायन हुनबाट बचाउने नीति

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**प्रत्येक असफलता सफल हुने एउटा अवसर हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# घरेलु मदिरा र वैधानिकता

**घरेलु मदिरालाई वैधानिक मान्यता दिलाउन यसअघिका उद्योग तथा वाणिज्य आपूर्तिमन्त्री रमेश रिजालले प्रयास गरेका थिए । उनले सातवटै प्रदेशका मुख्यमन्त्री, सचिव, अर्थमन्त्री, कानूनमन्त्रीसमेतको सहभागितामा घरेलु मदिरालाई ब्रान्डिङ गरेर बिक्रीका लागि आवश्यक गृहकार्य गरे पनि अहिले उनी पदमुक्त भएका छन् । घरेलु मदिरालाई वैधानिकता प्रदान गर्ने कुरामा नेपालमा अदृश्य शक्ति सक्रिय छ । किनभने नेपालमा अहिले वार्षिक पाँच अर्ब रुपैयाँभन्दा बढीको विदेशी मदिरा आयात हुँदै आएको छ । विदेशी मदिरा भित्रिंदा विदेशी उत्पादक र स्वदेशी ठेकेदारहरू प्रत्यक्षरूपमा लाभान्वित हुँदै आएका छन् । अन्तर्राष्ट्रियस्तरका ब्रान्डमा सर्वसाधारणको पहुँच छैन । यसर्थ केही स्वार्थ समूहले मदिरा आयातको नेतृत्व स्थायीरूपमा सम्हालिरहेका छन् । यही समूहले मुलुकको मदिरासम्बन्धी नीति निर्माणमा अदृश्य प्रभाव पार्दै आएका छन् । परम्परागतरूपमा उत्पादन गरिंदै आएको स्वदेशी घरेलु मदिराको गुणस्तर निर्धारण गरी कानूनी मान्यता दिने कुरा कुरैमा सीमित छ । सङ्घ सरकारले सोसम्बन्धी नीति तथा कानून निर्माणमा ढिलासुस्ती अपनाउँदै आएको छ ।**

**नेपालमा घरेलु मदिरा ब्रान्डिङ नभएकोले खुलेआम बिक्री हुन सकेको छैन । अन्न तथा फलफूलबाट उत्पादित घरेलु मदिरा नेपालमा आउने पर्यटकहरूलाई वैधानिकरूपमा उपलब्ध गराउन सकिएमा विदेशबाट आयात घट्ने र स्वदेशी उत्पादनबाट मनग्य आम्दानी गर्न सकिन्थ्यो । हामीकहाँ आउने पर्यटकहरू विदेशी मदिराभन्दा स्वदेशी कोदो अनि केरा, स्याउलगायत फलफूल र अन्नबाट बनेका घरेलु मदिराप्रति उत्साहित हुने गरेका छन् । यो तथ्य ग्रामीण पर्यटनसम्बन्धी खोज अनुसन्धानले पुष्टि गरेको हो । देशकै थुप्रैजना अहिले पनि कोदोको मदिराप्रति निकै आकर्षित छन् । विदेशी आयातित मदिराको तुलनामा कोदाबाट बनाइएको स्वदेशी मदिराको माग अहिले नेपालभरि बढी रहेको छ । अहिले सरकारले मानव स्वास्थ्य, गुणस्तर र राजस्वको बहाना गरेर घरेलु मदिराविरुद्ध कारबाई चलाइरहेको छ । विदेशी मदिराको कुल राजस्वमा करीब २४ प्रतिशत योगदान छ । घरेलु मदिरा उत्पादनको लागि प्रशिक्षण दिने हो भने गुणस्तर कायम हुन सक्छ । गुणस्तर कायम गर्न सके घातक बन्ने खतरा रहँदैन । अनि गुणस्तर कायम भएपछि साना उद्योग दर्ता अनिवार्य गरेर उत्पादन एवं बिक्री वितरण गर्न पाइने व्यवस्था मिलाउन सकेमा राजस्व पनि आशाप्रद सङ्कलन हुन्छ । प्राविधिक सीपविना मदिरालाई नशालु बनाउने प्रक्रियामा अखाद्य वस्तु मिसाइने परम्परा हाबी भएको छ र यसले गुणस्तर खस्किएको मात्र हो । घरेलु मदिरा उत्पादनको मापदण्ड तयार गरेर सो अनुसार सीप, तालीम दिने हो भने यो उद्योग फस्टाउने र रोजगारको अवसर सिर्जना हुने कुरामा दुई मत छैन ।**

**विकसित मुलुकहरू अहिले पनि आफूले उत्पादन गरेको घरेलु मदिरामा गर्व गर्छन् । उनीहरूको तुलनामा हाम्रा घरेलु उत्पादनका मदिरा कुनै पनि अवस्थामा कमसल छैन । कमसल भएको भए माग हुँदैन थियो र आम आकर्षण बढ्दैन थियो । हाम्रो मुलुकका कतिपय धर्म, संस्कृति, हावापानी, धरातल एवं जनजीवनसँग घरेलु मदिरा प्राचीनकालदेखि नै जोडिएर आएको छ । घरेलु मदिराको संरक्षण र गुणस्तरीयताका लागि सुहाउँदो नियम, कानून, मापदण्डहरू बनाएर अगाडि बढ्नु आजको आवश्यकता पनि हो । यसतर्फ सरकारले ढिला गर्नुहुँदैन ।**

# कक्षा ८ को बोर्ड परीक्षाको औचित्य

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**शिक्षा जीवनोपयोगी कला हो । पढेर र परेर आर्जन गरिएका सम्पूर्ण कुरालाई शिक्षाको रूपमा हेर्नुपर्छ । अन्त्यमा माथि उल्लेख गरिएका कुराहरू आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा होस् वा जुनसुकै परीक्षाका कारण प्राप्त हुने केही महत्त्वपूर्ण लाभहरू मात्र हुन् ।**

परीक्षा विद्यालय व्यवस्थाको खोजको परिणाम हो । गुरुकुल शिक्षा पद्धति हटाएर जब मैकालेको शिक्षा लागू गरियो अनि परीक्षा पनि स्कूल र कालेजमा भर्ती हुन पुगे । परीक्षा शुरू भएको दिनदेखि आजसम्म विवादमैं रहेको छ । कहिले पास–फेलको नीति त कहिले दबाब वा तनावको मनोविज्ञान । कहिले अङ्क प्रणालीलाई लिएर त कहिले ग्रेडिङ प्रणालीलाई लिएर । कहिले साप्ताहिक, पाक्षिक, माासिक, त्रैमासिक, अर्द्धवार्षिक, वार्षिक परीक्षालाई लिएर त कहिले परीक्षाको निहुँमा अर्थ सङ्कलन गर्ने खेललाई लिएर ।

परीक्षामा मात्र विद्यार्थी पास–फेल हुँदैनन् । कहिलेकाहीं परीक्षा स्वयं पनि फेल हुन्छ । परीक्षामा विद्यार्थीबाहेक अन्य कारक–जस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षा प्रणाली, शिक्षा प्रशिक्षण, शिक्षा व्यवस्था, शिक्षक र अभिभावक पनि फेल हुने गरेका छन् । परीक्षाको अर्को कारण निजी विद्यालयहरूको होडबाजी पनि हो । निजी विद्यालयहरूले राम्रो पढाउँछन् भन्ने कुरा पूर्ण सत्य होइन । निजी विद्यालयमा जागीर जाने डरले शिक्षकहरू पाठ्यक्रम पूरा गर्छन् साथै राम्रो परिणाम विद्यालय चल्ने शर्त हो । एक–दुईजनाले पनि राम्रो परिणाम ल्याएका छन् भने त्यो देखाएर बढी बच्चा भर्ना हुने लोभ त्यहाँ गाँसिएको हुन्छ ।

सामुदायिक विद्यालयमा पालिकाका न वडा तहका नेताकै छोराछोरी पढ्छन्, न विद्यालय सहयोगीदेखि प्रधानाध्यापककै । यहाँसम्म एउटा दलका एक सांसदले एउटा कार्यक्रममा मुख खोलेर भने– "मेरा छोराछोरीले सरकारी स्कूलमैं पढ्नुपर्ने हो भने बरु म सांसद पद नै छाडिदिन्छु ।" अर्कोतिर त्यहाँ विद्यालयकै तलबमा बाँच्ने शिक्षकहरू न्यून छन् । कुनै ठाउँमा शिक्षकहरू नै पालिकाका एक दलका जनप्रतिनिधितिर लागेर विद्यालय खोल्नेभन्दा जटिलता बढाउनेतिर लागेका देखिन्छन् । पालिकाले विद्यालय शिक्षा व्यवस्थापन गर्न सक्दैन भन्ने प्रमाण खोज्नेहरू प्रमाण जुटेकोमा दङ्ग छन् । सत्ता समीकरणको खेलमा व्यस्त यस्ता दलहरूलाई यस्ता कुरा हेर्ने फुर्सदै छैन । हालसम्म शिक्षामा नित नयाँ प्रयोग भइरहकै छ ।

परिवर्तित सन्दर्भमा कक्षा १–८ लाई आधारभूत तह मानिन्छ । यसरी हेर्दा आधारभूत तहको अन्त्यमा लिने परीक्षा भनेको कक्षा ८ को परीक्षा हो । वर्तमान कानूनले यो परीक्षा स्थानीय सरकार मार्फत लिने व्यवस्था गरेको छ । जहाँसम्म कक्षा १० पछि लिने एसइई परीक्षा हो, यसै पनि यो परीक्षा ऐन कानूनविपरीत छ । नेपालको संविधान २०७२ को अनुसूची ८ ले माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई दिइसकेको छ । अहिलेको बदलिएको संरचनामा कक्षा १० को परीक्षा प्रदेश अन्तर्गत राखिएको छ तर उक्त परीक्षा अहिले पनि सङ्घीय सरकारले नै सञ्चालन किन गर्नुपर्‍यो ? यो प्रश्न गम्भीर छ ।

वीरगंज महानगपालिका आफ्नो क्षेत्रका विद्यालयहरूको विकासका लागि योजना बनाएर अघि बढिसकेको छ । अन्य पालिकाहरूले पनि सोही अनुसार योजना बनाउने, कार्यक्रम सञ्चालन गर्ने, अनुगमन र नियन्त्रण गर्ने तथा मूल्याङ्कन र पृष्ठपोषण गर्नुपर्छ । आफ्ना पालिकाका विद्यालयहरूलाई उत्कृष्ट बनाउन जब स्थानीय तहहरू सक्रिय हुन्छन् तब मात्र नेपालको शिक्षामा विस्तारै परिवर्तन आउने छ ।

परीक्षाले व्यक्तिको ज्ञानको गहिराइ, सीप र क्षमता मापन गर्न सकिंदैन । यसलाई व्यावहारिक बनाउनुपर्छ र परीक्षा प्रणाली परिवर्तन गर्नुपर्छ भन्ने माग बमोजिम अहिले निर्माणात्मक मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कनका लागि अन्तिम परीक्षा लिने व्यवस्था विद्यालयमा छ । एकीकृत पाठ्यक्रम र व्यावहारिक परियोजना कार्यमा आधारित शिक्षण विधिको व्यवस्था गरिएको छ, तर विडम्बना के देखिएको छ भने विद्यालयहरूले पाठ्यक्रम पूर्णरूपेण लागू गरेका छन् कि छैनन् निरीक्षण हुन बाँकी छ ।

पहिले आधारभूत तह कक्षा ६–८ मा १०० पूर्णाङ्कको लागि तीन घण्टाको समयलाई ७५ पूर्णाङ्कको लागि तीन घण्टा बनाइयो र बाँकी २५ अङ्क लाई आन्तरिक मूल्याङ्कन अन्तर्गत राखियो । तर यस वर्षदेखि ५० अङ्कको बाह्य मूल्याङ्कन, समय २ घण्टा र प्रश्नपत्रको मोडेलमा समेत परिवर्तन गरिएको छ । साथै ५० अङ्कको आन्तरिक मूल्याङ्कनमा कक्षा सहभागिता र सिकाइको सक्रियता, प्रयोगात्मक कार्य, परियोजना कार्य र अन्य कार्यलगायत आवधिक त्रैमासिक परीक्षासमेत राखिएको छ । तर विद्यालयहरूमा यो कतिको लागू भयो वा भएन, अवलोकन गर्न बाँकी छ ।

अब चर्चा गरौं कक्षा ८ को बोर्ड परीक्षाको औचित्यबारे । वीरगंज महानगरपालिकाले यस वर्ष आधारभूत तह कक्षा ८ को परीक्षालाई एसइई सरह नै केन्द्र कायम गरी लिने निर्णय गरेको छ किनभने लकडाउनको कालखण्डदेखि नै विद्यार्थीहरूको पढ्ने रुचि कम भएको र मोबाइलप्रति आकर्षणमा वृद्धि भएको छ । यससँगै विद्यालयमाथि परीक्षाको सम्पूर्ण जिम्मेवारी सुम्पिंदा कोही पनि फेल नहुने र कक्षा ८ मा जति ग्रेड हासिल गर्थे सोभन्दा धेरै कम ग्रेडले धेरैजसो विद्यार्थीहरू एइईमा उत्तीर्ण हुनुले जुन कुरालाई इङ्गित गर्दछ त्यो आफैं प्रस्ट छ । यस वर्षदेखि जसरी पाठ्यक्रममा परिवर्तन गरिएको छ सोही अनुसार परीक्षा प्रणालीमा पनि परिवर्तन गरिएको कुरा वीरगंजेली परिवेशमा सराहनीय छ । आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको औचित्य यस्तो छ ।

**१) समय व्यवस्थापन सीप विकास**

नसरी फूटबल खेलको समय ९० मिनेटको हुन्छ । खेलाडीहरू निरन्तर अभ्यास गरेर ९० मिनेटको सदुपयोग गर्न योजना र रणनीति बनाएर परिणाम हासिल गर्छन् । त्यसैगरी विद्यार्थीहरू पनि प्रश्नहरूको उत्तर २ घण्टाभित्र कसरी सहज ढङ्गबाट लेख्न सकिन्छ भनेर निरन्तर अभ्यास गर्छन् । त्यसो हुँदा दुई घण्टाले एउटा तहको महत्त्व राख्दछ । दुई घण्टाको समयावधि राखेर आधारभूत तह कक्षा ८ को ग्रीडमा आधारित मोडेल प्रश्नपत्रको इमानदारिता साथ अभ्यास गर्न सक्छन् ।

**२) अनुशासनमा सहयोगी**

अनुशासनमा बस्न यस्ता परीक्षाहरूले सहयोग गर्छ । दुई घण्टाको सीमित समय सदुपयोग गरी कसरी सफलता हासिल गर्ने भनी रणनीति बनाएर सोही अनुसार नियमित काम गर्ने बानी विकसित हुन्छ । यसका लागि विद्यार्थीहरूले समयमा पढाइ–लेखाइसँगै खान, सुत्न, उठ्न, खेल्नका लागि नियम बनाएर सोको परिपालन गर्ने कुरा सिक्छन् ।

**३) स्वमूल्याङ्कन**

प्रथम सत्रको परीक्षामा कति सफल भएँ र अबको परीक्षामा कति सफलता हासिल गर्नेछु भन्ने उद्देश्यका साथ स्वमूल्याङ्कन गर्ने विधिको रूपमा पनि यस आधारभूत तहको परीक्षालाई लिन सकिन्छ । जस्तै कति समयमा प्रश्न हल गर्न सकें ? कस्ता प्रश्न हल गर्न सकिनँ ? कुन विषयमा सोचेजस्तो गर्न सकिएन ? किन सोचेजस्तो परिणाम प्राप्त गर्न सकिनँ जस्ता प्रश्नको जवाफ खोजेर स्वमूल्याङ्कन गर्न यस परीक्षाले सहयोग गर्छ ।

**४) सिकाइ व्यवस्थापन र प्रस्तुतीकरण**

अध्ययन गरेको विषयवस्तु धेरै हुन्छ तर दुई घण्टामा प्रश्नपत्रका सबै प्रश्नहरूको समाधान दिन सक्नुपर्छ । यसर्थ यसलाई अवसरको रूपमा ग्रहण गरी सिकेको कुरा परीक्षामा कसरी लेख्ने ? कुन प्रश्नको उत्तर कति हरफमा लेख्ने ? प्रश्न कसरी बुझ्ने भनेर पोख्त हुनुपर्छ । यस्ता कुराहरू कक्षामा भर्ना भएको दिनदेखि नै निरन्तर अभ्यास गरेपछि मात्र सम्भव हुन्छ ।

**५) निरन्तर अभ्यासको बानी**

विद्यार्थीहरूले सकारात्मक सोचका साथ पाठ्यपुस्तक, पाठ्यक्रम र ग्रीड अनुसार निरन्तर अभ्यास गर्नुपर्छ । निरन्तर अभ्यासले प्रश्नपत्र सजिलो लाग्छ र सफलता हासिल गर्न सजिलो हुन्छ । भनिएको पनि छ – "करत करत अभ्यास ते, जडमति होत सुजान/रसरी आवत जात ते सिल पर परत निशान ।"

**६) स्रोत व्यवस्थापन सीपको विकास**

परीक्षामा सफल हुन पाठ्यक्रम लगायत विभिन्न स्रोतको कसरी सदुपयोग गर्ने भन्ने कुराको समेत सीप विकास हुन्छ । यस अन्तर्गत पाठ्यपुस्तकले नसमेटेको विषय कुन सन्दर्भ सामग्रीबाट पाउन सकिन्छ ? कसरी शिक्षकसँग समन्वय गरी नजानेका विषय जान्न सकिन्छ जस्ता विषयहरू परीक्षाको तयारी गर्ने क्रममा सिकिन्छ ।

**७) आर्थिक व्यवस्थापन**

कुनै पनि परीक्षामा सहभागी हुन र तयारी गर्न आर्थिक स्रोत आवश्यक हुन्छ । स्कूले विद्यार्थीहरू अभिभावककै खर्चमा पढ्ने हुन् । यस परिवेशमा अभिभावकले दिएको खर्च व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । परीक्षा शुल्क, विद्यालयको मासिक शुल्क, परीक्षा तयारीका लागि सामग्री जुटाउने खर्च, सन्तुलित खाना खर्चलगायत स्वास्थ्यको लागि गरिने खर्च व्यवस्थापनबारे सिक्ने अवसर पनि यस्ता परीक्षाहरू नै हुन् । यसर्थ दुई घण्टाको परीक्षाका लागि साँच्चिकै राम्रो तयारी गर्ने हो भने विद्यार्थीले आर्थिक अनुशासन व्यवस्थापनको कुरा पनि सिक्छन् ।

**८) निर्णय क्षमताको विकास**

दुई घण्टा अत्यन्त सीमित समय हो । शतप्रतिशत सफलता हासिल गर्न हरेक पलको सदुपयोग गर्नुपर्छ । जीवनका कतिपय क्षणमा एक सेकेन्डले नै सफल वा असफल हुने तय गर्छ । यदि हामीले दुई घण्टाको समयलाई लक्षित गरेर अभ्यास गर्ने हो भने छिट्टै सही निर्णय लिने क्षमता विकसित हुन्छ ।

शिक्षा जीवनोपयोगी कला हो । पढेर र परेर आर्जन गरिएका सम्पूर्ण कुरालाई शिक्षाको रूपमा हेर्नुपर्छ । अन्त्यमा माथि उल्लेख गरिएका कुराहरू आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा होस् वा जुनसुकै परीक्षाका कारण प्राप्त हुने केही महत्त्वपूर्ण लाभहरू मात्र हुन् । यसर्थ विद्यमान प्रणालीलाई दोष दिनुको साटो त्यसबाट कसरी फाइदा लिन सकिन्छ भनेर हेर्ने हो भने हामीले आफ्नो जीवन नै सुधार्न सक्छौं । दुई घण्टाको आधारभूत तहको अन्तिम परीक्षालाई लक्षित गरेर निरन्तर निर्माणात्मक परीक्षा र सोसँग सम्बन्धित गतिविधिलाई सिकाइको आध्यम बनाउन सकिन्छ । मेहनती र अनुभवी मानिसका लागि यसले अपार सम्भावना बोकेको छ चाहे परीक्षाको परिणाममा विद्यार्थीको प्रतिशत जस्तोसुकै किन नहोस् । यस कारण भनिन्छ–"थोरै अङ्क पाउनु दुनियाँको अन्त्य होइन एउटा नयाँ शुरूवात मात्र हो ।"

# भावी सन्ततिका निम्ति जमीनमुनिको जल जोगाउन विज्ञहरूको सुझाव

काठमाडौं, ४ चैत/रासस

खानेपानीको क्षेत्रमा काम गर्ने विज्ञहरूले खानेपानीको सङ्कट समाधानका लागि जमीनमुनिको पानी तानेर अहिलेको पुस्ताले सन्ततिको भागको पानी पनि सकिदिन लागेको आरोप लगाएका छन् । उनीहरूले भावी सन्ततिको भागको पानी जोगाउन सुझाव दिएका छन् ।

यही चैत ५ र ६ गते राजधानीमा हुन लागेको 'वर्षात्को पानी सङ्कलन र व्यवस्थापन' विषयक क्षेत्रीय सम्मेलनको पूर्वसन्ध्यामा हिजो शनिवार आयोजित पत्रकार सम्मेलनमा खानेपानी विज्ञहरूले यस्तो सुझाव दिएका हुन् ।

पूर्वमन्त्री तथा सम्मेलन आयोजक समितिका सल्लाहकार गणेश साहले भने, "हामीले हाम्रा सन्ततिको भागको जमीनमुनिको पानी पनि तानेर खाइसक्यौं । खोला नदी प्रदूषित गर्‍यौं । ताल पोखरी पुरिंदै गए । हाम्रा सन्ततिले उनका भागको पानी खै भनेर सोध्दा यो पुस्ता नाजवाफ हुनुपर्ने अवस्था छ । त्यसैले अब पानी बचत गरौं ।"

आयोजक समितिका अध्यक्ष तथा स्मार्ट वास सोलुसन्स प्रालिका अध्यक्ष इन्जिनीयर रामदीप साहले वर्षात्को पानीको महत्त्व, आसन्न सम्मेलनको उद्देश्य, सहभागिता र अपेक्षित उपलब्धिबारे जानकारी दिएका थिए ।

उनले मानिसका हरेक क्रियाकलाप र विकास गतिविधि पानीसँग अभिन्नरूपमा जोडिएको उल्लेख गर्दै भने, "पानी बहुउपयोगी पनि छ तर यस्तो अत्यावश्यक पानी संसारभर समानरूपमा उपलब्ध छैन । जलवायु परिवर्तनका कारण वर्षाको प्रवृत्तिमा आएको परिवर्तनले भइरहेका पानीका स्रोतमा पनि प्रतिकूल असर परिरहेको छ । पानीका मूल सुक्दै गएका छन् । पानीको अभाव हुन नदिन हामीले आफूलाई वर्षभरि चाहिने पानीको जोहो गर्न व्यक्तिगत र सामूहिकरूपमा सोच्नुपरेको छ । पारिवारिक, सामुदायिक, पालिकास्तरीय, प्रदेशस्तरीय र राष्ट्रिय योजना बनाएर जमीनमुनिको पानी बचाउ अभियान कार्यान्वयन गर्नुपर्ने खाँचो छ ।"

बढ्दै गएको पानीको अभाव र अधिक वर्षाका कारण हुने क्षतिलाई दृष्टिगत गरी तिनको समाधान खोज्न स्मार्टवास सोलुसन्स प्रालिले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँगको सहयोगमा सम्मेलन आयोजना हुन लागेको हो ।

सम्मेलनमा यस क्षेत्रमा पानी आपूर्तिका क्षेत्रमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी र गैरसरकारी संस्थाका प्रतिनिधि, विज्ञ र वैज्ञानिक, विश्वविद्यालयका प्राज्ञ तथा खानेपानीका क्षेत्रमा अध्ययन र अनुसन्धान गरिरहेका विद्यार्थी, पानी आपूर्तिका उद्योग सञ्चालन गरेका उद्योगी हुनेछन् ।

प्राविधिक समितिका अध्यक्ष सुनीलबाबू श्रेष्ठले सम्मेलनको प्राविधिक पक्षमा प्रकाश पारेका थिए । सम्मेलनमा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विज्ञहरूबाट ३१ वटा कार्यपत्र प्रस्तुत हुनेछन् । सम्मेलन अवधिमा यस क्षेत्रमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउँछ –अध्यक्ष झा

सिराहा, ४ चैत/रासस

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द झाले पत्रकारिताको विकासले लोकतन्त्रलाई बलियो बनाउने बताएका छन्। जिम्मेवार र मर्यादित पत्रकारिता अभिवृद्धिका लागि सिराहाको बरियारपट्टीमा आयोजित आधारभूत पत्रकारिता तालीमको आइतवार उद्घाटन गर्दै उनले पत्रकारिताविना लोकतन्त्र अगाडि बढ्न नसक्ने बताए।

अध्यक्ष झाले बदलिंदो समय अनुसार पत्रकारिता पनि मर्यादित र जिम्मेवारपूर्ण हुनुपर्ने उल्लेख गर्दै त्यसका लागि पत्रकारले आचारसंहिताको पालनामा ध्यान दिनुपर्नेमा जोड दिए। "पत्रकारिता समाज परिवर्तनको वाहक र लोकतन्त्र मजबूत बनाउने माध्यम भएकोले यसको विकासमा सबैको पहलकदमी जरुरी छ," उनले भने।

कार्यक्रममा बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतोले पत्रकारिता क्षेत्रको विकासका लागि आफू सहयोग गर्न सदैव तयार रहेको बताए। सत्य, तथ्य र निष्पक्ष पत्रकारितामा ध्यान दिन उनले आग्रह गरे। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष ममता यादव, वरिष्ठ पत्रकार तथा सिराहा विकास मञ्चका अध्यक्ष रामरिझन यादवलगायतको सहभागिता थियो।



उक्त तालीमका सहभागीलाई पत्रकार भरत जर्घामगर, वीरेन्द्र शर्मा, मोहन भण्डारीलगायतले प्रशिक्षण दिनेछन्। सिराहा विकास मञ्च र नेपाल प्रेस इन्स्टिच्यूट बरियारपट्टीको संयुक्त आयोजनामा आयोजित उक्त तालीम पाँच दिनसम्म सञ्चालन हुनेछ।

# अर्थतन्त्र शिथिल छ, तर सङ्कटमा छैन -अर्थमन्त्री पुन

काठमाडौं, ४ चैत/रासस

अर्थमन्त्री वर्षमान पुनले मुलुकको अर्थतन्त्र केही शिथिल देखिएको भएपनि सङ्कटको अवस्थामा भने नपुगेको बताएका छन्। नागरिक लगानी कोषको ३४औं वार्षिकोत्सवको अवसरमा आइतवार आयोजित कार्यक्रममा उनले अर्थतन्त्र सङ्कटबाहिर रहेको दाबी गरे।

नेपालको बाह्य क्षेत्रमा निकै सुधार देखिएको अर्थमन्त्री पुनको भनाइ छ। यद्यपि सार्वजनिक वित्तको क्षेत्रमा भने केही संरचनागत समस्या अझै बाँकी रहेको उनले स्वीकारे। मुलुकको अर्थतन्त्र धराशयी भएको भनेर नकारात्मक प्रचार बढी हुँदा बजारमा त्यसको असर देखिएको उनको भनाइ छ।

"एक वर्षभन्दा बढीको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति हामीसँग छ। विप्रेषण आप्रवाह राम्रो छ। बैंक वित्तीय संस्थामा पर्याप्त तरलता छ। अब बिस्तारै लगानी पनि बढ्छ," अर्थमन्त्री पुनले भने। बाह्य क्षेत्र र खासगरी भुक्तानी सन्तुलन बिग्रिंदा केही समयअघि नेपालको अर्थतन्त्रलाई श्रीलङ्काको जस्तै धराशयी हुन लागेको भनेर आलोचना भइरहेकामा अहिले बाह्य क्षेत्र निकै मजबूत बनेको उनले बताए।

"गत वर्ष सात महीनाका लागि मात्रै आयात धान्ने विदेशी मुद्रा सञ्चिति रहँदा हामी श्रीलङ्का जस्तै हुन्छ भनिएको थियो। सो समयमा पनि सरकारले हामी त्यति खराब अवस्थामा छैनौं भनेर आश्वस्त पारिरहेको थियो," अर्थमन्त्री पुनले भने। अर्थतन्त्रका सूचक सकारात्मक भएपनि बजारको मानसिकता अझै सुधिन नसकेकामा उनले चिन्ता व्यक्त गरे। सकारात्मक सोच र आत्मविश्वास हुने हो भने लगानी बढ्ने र त्यसले अर्थतन्त्र वृद्धिमा सहयोग पुऱ्याउने अर्थमन्त्री पुनको भनाइ छ।


तस्वीरः रासस

सरकारले यसअघि अवलम्बन गरेका र पूर्वअर्थमन्त्रीले ल्याएका सकारात्मक नीति तथा योजनालाई आफूले पनि निरन्तरता दिने उनले विश्वास दिलाए।

विगतमा अर्थतन्त्रमा देखिएका सङ्कुचनका कारण लिइएका कडा नीतिलाई बिस्तारै खुकुलो बनाउँदै लगिने धारणा अर्थमन्त्री पुनले राखे। यसबारे विषयगत मन्त्रालय र विभिन्न निकायसँग छलफल भइरहेको उनले जानकारी दिए। पछिल्लो समय धितोपत्र बजारमा सुधारका सङ्केत देखिएको भन्दै यसले बजार चलायमान गर्न सहयोग पुऱ्याउने उनको भनाइ छ।

सेवाप्रवाहमा सहजताका लागि सबै पक्ष र निकाय जवाफदेही हुनुपर्नेमा मन्त्री पुनले जोड दिए। "राजनीतिक नेतृत्वका समस्या छन्। राजनीतिक शुद्धीकरण जरुरी छ भनेर हामी आफैंले पनि ठानेका छौं। हाम्रा सार्वजनिक निकायमा प्रशासनिक सुधारको आवश्यकता छ," पुनले भने।

नागरिक लगानी कोषलाई थप व्यावसायिक बनाउन र कोषमा जम्मा भएको रकमलाई उत्पादनमूलक क्षेत्र, ठूला पूर्वाधार निर्माण र रोजगार सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न पनि मन्त्री पुनले निर्देशन दिए। कोषको रकम उत्पादन, उत्पादकत्व र रोजगारको अवसर सिर्जना गर्ने क्षेत्रमा परिचालन गरी राष्ट्रिय पूँजी निर्माणका लागि काम गर्न सक्नुपर्ने उनको भनाइ छ।

कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषले बचत परिचालन गरी राष्ट्रिय पूँजी निर्माणको आधार तय गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताए। कोषले आफ्नो व्यवसाय विस्तार, प्रतिफल योग्य लगानी, जोखिम व्यवस्थापनलगायतका क्षेत्रमा योजनाबद्ध ढङ्गले काम गरिरहेको उनको भनाइ छ।

लगानीलाई विविधीकरण गर्ने, जोखिम विश्लेषण गर्दै प्रतिफल योग्य क्षेत्रमा लगानी विस्तार गर्ने, राज्यले प्राथमिकतामा राखेका पूर्वाधारका क्षेत्रमा लगानी बढाउने, कोषका कामलाई थप प्रविधिमैत्री बनाउने र सेवाप्रवाहलाई सहज बनाउँदै लैजाने गरी काम गरिरहेको कार्यकारी निर्देशक कार्कीले दाबी गरे।

वैदेशिक रोजगारमा रहेका नागरिकलाई कोषका कार्यक्रममा आबद्ध गराउन अध्ययन शुरू भएको कार्कीले जानकारी दिए।

उनका अनुसार चालू आर्थिक वर्षको पुस मसान्तसम्ममा कोषको खुद मौज्दात रु दुई खर्ब ४० अर्ब ५१ करोड रहेको छ भने यो अवधिमा कोषले विभिन्न क्षेत्रमा रु दुई खर्ब ३५ अर्ब पाँच करोड बराबर लगानी गरेको छ।

# वन अधिकृतसहित २४ जनाविरुद्ध मुद्दा दायर

काठमाडौं, ४ चैत/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डिभिजन वन कार्यालय महोत्तरीका तत्कालीन डिभिजनल वन अधिकृत हेमन्तप्रसाद साहसहित २४ जनाविरुद्ध भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। वडाध्यक्ष, उपभोक्ता समितिका पदाधिकारीलगायतलाई प्रतिवादी बनाइ आज विशेष अदालत, काठमाडौंमा मुद्दा दर्ता दायर गरिएको हो। हाल उनी डिभिजन वन कार्यालय पर्सामा कार्यरत छन्।

आरोपितले रु ११ लाख ९६ हजार ६ सय ९५ बराबरको सरकारी सम्पत्ति हानिनोक्सानी गरेको आरोपपत्रमा उल्लेख छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेकाले हानिनोक्सानी भएको बिगो असुल उपर मागदाबी लिई मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

आयोगले रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन उपाध्यक्ष उमादेवी बुढाथोकी, कोषाध्यक्ष प्रेमबहादुर थापा, सचिव धनकुमारी मगर, सदस्य उर्मिला थापामगर र पूर्णबहादुर सुस्लिङलाई प्रतिवादी बनाएको छ। त्यसैगरी, महोत्तरीको बर्दिबास नगरपालिका–१ का जग्गाधनीद्वय लीलामणि आचार्य र कृष्णप्रसाद गौतम, रम्तेलडाँडा सामुदायिक वनका उपभोक्ताद्वय एमबहादुर थापामगर र नन्दमाया खनाल तथा रुख कटानमा संलग्न सिन्धुलीको सुनकोशी गाउँपालिका–४ का सन्दीप नेपालीलाई समेत प्रतिवादी बनाइएको छ।

यस्तै, सबडिभिजन वन कार्यालय महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादव, फरेस्टर सन्तोषकुमार साह, वनरक्षकहरू राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुङ्गेल र दिलीप महतोले पनि भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ। नापी कार्यालय महोत्तरीका तत्कालीन अमिन रामदरश राउत र मालपोत कार्यालय महोत्तरीका तत्कालीन नायब सुब्बा ओमप्रकाश खड्कासमेत आरोपित छन्।

बर्दिबास नगरपालिका–१ का तत्कालीन वडाध्यक्ष चूडामणि पोखरेल, वडा सदस्य शान्तादेवी श्रेष्ठ र रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेरबहादुर राउतविरुद्धसमेत अख्तियारले मुद्दा दायर गरेको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, ४ चैत/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आइतवार नेप्से परिसूचक १० दशमलव ६२ अङ्कले घटेर दुई हजार ७० दशमलव २५ को बिन्दुमा कायम भएको छ।


आज ३०४ कम्पनीका ८४ लाख ६० हजार ७६ कित्ता शेयर ६३ हजार नौपटक खरीद–बिक्री हुँदा रु तीन अर्ब ३८ करोड ७९ लाख ८० हजार ३८४ बराबरको कारोबार भएको छ।

आज विकास बैंक समूह शून्य दशमलव ८२, वित्त समूह शून्य दशमलव ६२ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २९ प्रतिशतले बढेका छन्। अरू सबै समूहको उपसूचक घटेका छन्।

बैंकिङ शून्य दशमलव ६२, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत् एक दशमलव १६, लगानी शून्य दशमलव ५९ र जीवन बीमा शून्य दशमलव १९ प्रतिशतले घटेका छन्। त्यसैगरी, लघुवित्त समूह शून्य दशमलव ०३, म्युचुअल फन्ड शून्य दशमलव ४०, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव ४३ र अन्य समूह एक दशमलव ०६ प्रतिशतले घटेका छन्।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ५६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ८३ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ४१ करोड ६४ लाख १७ हजार ६८० बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सात लाख ४७ हजार ८७७ कित्ता शेयर किनबेच भएका छन्।




**ऐतिहासिक जगन्नाथ मन्दिर :** म्याग्दीको बेनी नगरपालिका वडा नं ५ गाजनेमा अवस्थित ऐतिहासिक जगन्नाथ मन्दिर। पाँच सय वर्ष पहिला तत्कालीन पर्वत राज्यका राजा दिलीपबम मल्ल (डिम्ब मल्ल)ले यो मन्दिर निर्माण गर्न लगाएका थिए। पछि शिखर शैलीमा यो मन्दिरको पुनर्निर्माण गरिएको हो। यहाँ राजा डिम्ब मल्लको पनि मूर्ति रहेको छ। यहा पहिला अक्षताले पूजा गरिन्छ। तस्वीर : ध्रुवसागर शर्मा/रासस

## वसन्तपुरमा चीर ठड्याएर फागुपूर्णिमा प्रारम्भ

काठमाडौं, ४ चैत/रासस

वसन्तपुरमा आइतवार बिहान होलीको 'चीर' ठड्याएर फागुपूर्णिमा (होली) विधिवत्‌रूपमा प्रारम्भ गरिएको छ। परापूर्वकालदेखि मानन्धर समुदायले चीर ठड्याएर फागुपूर्णिमाको पूजा गरी होलीको सुरुआत गर्ने परम्परा छ।

स्थानीय तीर्थलाल तण्डुकारले आज बिहानै चीरको पूजा गरी होलीको प्रारम्भ भएको बताए। यसै दिनदेखि काठमाडौंवासीहरू चीरको पूजा गरी आशीर्वाद लिने चलन छ।

तण्डुकारका अनुसार चीरको टुप्पोमा झुन्डयाइएको रङ्गीविरङ्गी ध्वजालाई मानिसहरूले फागुपूर्णिमा समापन भएपछि घरमा लगेर राख्ने गर्छन्। "चीरमा झुन्डयाइएको ध्वजा घरमा राख्दा शुभ हुन्छ भन्ने धार्मिक विश्वास छ," उनी भन्छन्, "यस ध्वजामा कृष्णलीलासमेत समेटिएको हुने परम्परागत मान्यता छ।" होलीको भोलिपल्ट टुँडिखेलमा लगेर चीर विसर्जन गरिन्छ।

# तोलामा चार सयले घट्यो सुन

काठमाडौं, ४ चैत/रासस

स्थानीय बजारमा सुनको मूल्यमा सामान्य गिरावट आएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रवारको तुलनामा आइतवार सुनको मूल्य प्रतितोला रु चार सयले ओरालो लागेको हो।

महासङ्घका अनुसार आजका लागि छापावाला सुन प्रतितोला रु एक लाख २५ हजार कायम छ। शुक्रवार छापावाला सुन प्रतितोला रु एक लाख २५ हजार चार सयमा कारोबार भएको थियो। यस्तै, तेजाबी सुन प्रतितोला रु एक लाख २४ हजार चार सय तोकिएको छ। शुक्रवार तेजाबी सुन प्रतितोला रु एक लाख २४ हजार आठ सयमा कारोबार भएको थियो।

यस्तै, चाँदीको मूल्यमा सामान्य वृद्धि भएको छ। शुक्रवार प्रतितोला रु एक हजार ५१५ मा कारोबार भएको चाँदी आज भने रु एक हजार ५३० कायम गरिएको छ।

# मिथिला परिक्रमाका यात्रीको मुसलमान सुमदायद्वारा बिदाइ

महोत्तरी, ४ चैत/रासस

मिथिला मध्यमा परिक्रमाका यात्री आइतवार बिहान आठौं दिनको यात्रामा निस्केका छन्। सातौं दिनको रात्रि विश्राम बलवा–१० ध्रुवकुण्डमा गरेका यात्रीलाई आज बिहान मुस्लिम समुदायले बिदाइ गरेका छन्।

हिन्दू–मैथिल परम्पराको मिथिला माध्यमिकी यात्रामा वर्षौंदेखि ध्रुवकुण्डमा मुस्लिमले यात्रीको स्वागत र बिदाइ गर्ने परम्पराजस्तै बनेको छ। मुस्लिम समुदायका अगुवाले आज बिहान अबको यात्रा सुखद होस् भन्ने कामना गर्दै यात्रीको बिदाइ गरेका हुन्।

विश्रामस्थल ध्रुवकुण्ड वरिपरि मुस्लिम बसोबासको बाहुल्य छ। आफ्नो ठाउँमा बसेका यात्री आज बिहान अघिल्लो यात्रामा निस्कनुअघि मुस्लिम अगुवाले धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावको स्थानीय परम्परा अनुसरण गर्दै यात्रीको बिदाइ गरेका हुन्।

"हामी वर्षौंवर्षदेखि मिलेर बसेका छौं, आफ्ना ठाउँमा आएका अतिथिको स्वागत र बिदाइ मिथिलाको स्थापित परम्परा हो," ध्रुवकुण्डनजीकैको अधियानपुर बस्तीका शेख अमानुल्ला भन्छन्। यसले फरक धर्म, परम्परा र संस्कृतिबीच आपसी प्रेम र सद्भावको सकारात्मक सन्देश प्रवाह गर्ने शिक्षण पेशाबाट अवकाश लिएका अमानुल्लाको भनाइ छ।

जिल्लामा मुस्लिम समुदायको सघन बसोबास रहेको धमौरामा मिथिला मध्यमा परिक्रमाको सातौं दिनको विश्रामस्थल ध्रुवकुण्ड हो। सत्ययुगमा राजकुमार ध्रुवले तपस्या गरेको ठाउँ मानिने ध्रुवकुण्डलाई हिन्दूले पवित्र धार्मिकस्थल मान्ने गरेका छन्। मध्यमा परिक्रमाका यात्रीको स्वागत र बिदाइको अवसर आफूहरूले पाउनु गौरवको कुरा भएको मुस्लिम धर्मावलम्बी बताउँछन्।

यात्री आइपुग्दा स्थानीय संस्कृति अनुसार गम्छा ओढाएर र बिदाइ गरिँदा सुपारीका टुक्रा हातमा दिने चलन छ। प्रतीकात्मकरूपमा केही यात्रीको स्वागत र बिदाइ हुने गरे पनि बासस्थलमा बस्ने ठाउँको प्रबन्ध, आकस्मिक उपचार सेवा र अन्य भइपरि आउने काममा मुस्लिम सबैका लागि उपलब्ध रहँदै आएका देखिन्छन्।

मिथिलामा सुपारीको टुक्रा बिदाइका बेला दिने गरिएको परम्परा अघिल्लो निम्ता पनि मानिन्छ। यसको भाव आइरहनोस् है भन्ने हुने धमौराका बासिन्दा अवकाशप्राप्त शिक्षक सुशील यादव बताउँछन्।

धमौराका धमौराबजार, रौजाबजार र अधियानपुरको माझमा ध्रुवकुण्ड छ। यी वरपरका बस्ती मुस्लिम बाहुल्य भएपनि आफूहरूको वास्तामा कुनै कमी महसुस नहुने गरेको यात्री बताउँछन्। यहाँ आइपुग्दा र निस्कँदा स्थानीय मुस्लिमले गर्ने स्वागत र बिदाइ परम्परा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भावको खास नमूना भएको अग्निकुण्ड मठका महन्त नवलकिशोर दास शरण बताउँछन्।

धमौरा हिन्दू र मुस्लिम परम्पराको आस्थाको स्थल हो। यहाँ हिन्दू परम्पराको ध्रुवकुण्ड र इस्लाम परम्पराको रौजामजार छन्। रौजामजार इस्लाम धर्म परम्पराका सुफी सन्त गदालीबाबा, बहारअलीबाबा र रहमतअलीबाबाको पवित्र मजार (समाधिस्थल) रहेको ठाउँ हो। हिन्दूहरू मजारस्थलमा श्रद्धा जनाउँदै मन्नत (आशिष) माग्न पुग्छन्। रौजामजार र ध्रुवकुण्ड आफ्नो ठाउँ चिनाउने पवित्रस्थल भएकाले आफूहरूको समान चासोमा पर्ने यस ठाउँका हिन्दू–मुस्लिम बताउँछन्।

माध्यमिकी परिक्रमाका यात्री ध्रुवकुण्ड आएपछि उनीहरूको आवास, भोजन, उपचार र अन्य आवश्यक प्रबन्धमा हिन्दू र इस्लाम धर्मावलम्बी नवाँडिएझैं रौजामजारको व्यवस्थापन, आवश्यक प्रबन्ध र प्रचारप्रसारमा पनि हिन्दू र इस्लाम धर्मावलम्बी सँगसँगै लागिपर्ने गरिएको धमौराबजारका बासिन्दा ८० वर्षीय हासिम कवारी बताउँछन्।

मिथिलामा १५ दिने यो परिक्रमाका यात्रीले पाँच रात महोत्तरीमा बिताउने परम्परा छ। चौथो दिनको विश्रामका लागि मटिहानीबाट शुरू भएको महोत्तरीको यात्रामा यात्री पाँचौं दिन जलेश्वर, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनवनमा बास बस्ने गर्छन्। आज मध्याह्न कञ्चनवनमा यात्रीले एकापसमा रङ र अबिर खेलेपछि फागु पर्वमा रङ र अबिरको प्रयोग खुल्ने मैथिल मान्यता छ। कञ्चनवनपछि परिक्रमा धनुषा प्रवेश गर्नेछ।

# स्वदेशी उत्पादनको प्रवर्द्धनमा रमाउँदै दाहाल दम्पती

विजेता कर्ण
काठमाडौं, ४ चैत/रासस

रैथाने उत्पादनमा धेरैले फाइदा देख्दैनन्। त्यसमाथि सातै प्रदेशका स्थानीय उत्पादनलाई एउटै बृहत् बजारको आकार दिनु र एकै ठाउँमा देशैभरका मौलिक स्वाद चखाउनु सजिलो पक्कै होइन । सुमन र राधिका दाहालको अथक प्रयासले स्वदेशी वस्तु र स्वादलाई स्थानीय क्षेत्रबाट उठाएर 'ब्रान्डिङ' गरिदिएको छ ।

सातै प्रदेशका स्वदेशी उत्पादनको बजार व्यवस्थापन र प्रवर्द्धनले व्यापारमा एउटा आसलाग्दो जग बसाएको छ, दाहाल दम्पतीले । उनीहरूले स्थानीय उत्पादनको व्यापारलाई दुई वर्षभित्रै करोडौंको बनाउन सफल भए भने थुप्रैलाई रोजगारसमेत प्रदान गरेका छन्। मनले आँटे देशमैं रुपियाँ फलाउन सकिन्छ भन्ने कुराको सबल उदाहरण हो, दाहाल दम्पती ।

काठमाडौं कपनमा रु पाँच लाखको लगानीबाट शुरू भएको मौलिक भान्सा तथा मौलिक बजारसहितको व्यापार अहिले रु १५ करोड पुगिसकेको राधिका दाहाल बताउँछिन् । उनी भन्छिन्, "व्यवसाय शुरू गर्दा पतिपत्नीले काम गरेका थियौं। दुई वर्षमा २५ जनालाई रोजगार दिन सफल भएका छौं," उनले भनिन्, "मौलिक भान्सा र मौलिक बजारबाहेक हर्बल कस्मेटिक, अदुवा-लसुनको पेस्टसहितको उद्योगको राम्रो बजारीकरण शुरू गरेका थियौं। त्यसको कमाइले व्यवसाय बढाउन सकेका हौं।"

**सात प्रदेशको स्वाद र उत्पादन**

स्वदेशी तथा मौलिक उत्पादनको प्रवर्द्धन तथा बजार व्यवस्थापन गर्न सकिन्छ भन्ने सोच मौलिक बजारका अध्यक्ष सुमन दाहाललाई पाँच वर्ष अगाडि नै आएको थियो । सोही परिकल्पनाको आधारमा उनले 'मौलिक बजार कपन जाऔं, मौलिक भान्सामा रमाऔं, सात प्रदेशका परिकार खाऔं ७५३ पालिकाका उत्पादन लैजाऔं' भन्ने मुख्य उद्देश्य साथ परियोजनाको खाका कोरेका हुन् ।

दाहालका अनुसार मौलिक बजारमा प्रत्येक ७५३ पालिकाको नामकरण र एक उत्पादनको ब्रान्डिङ गर्नु यसको उद्देश्य हो। दाहाल भन्छन्, "अवधारणा अलि अगाडि बनाए पनि कार्यान्वयन भएको दुई वर्ष मात्रै भएको छ । एक स्थानीय तह एक उत्पादनको ब्रान्डिङ गर्ने अवधारणा राख्यौं । त्यसका लागि ७५३ वटा खण्ड बनाएर प्रत्येक स्थानीय तह अनुसारको नामकरण गर्‍यौं र पालिकाहरूलाई आह्वान गर्‍यौं । एउटा पालिकाबाट एउटा उत्पादन ब्रान्डिङ गरेर हामी बिक्री वितरण गर्छौं भनेर अगाडि बढ्यौं । अहिले जम्मा ३०६ पालिकाका सामान यहाँ उपलब्ध छन् । उनका अनुसार चाँडै सबै पालिकाबाट स्थानीय उत्पादन ल्याइनेछ ।"

सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-२ घर भएका सुमन दाहालले आयुर्वेद अध्ययन गरेका छन् भने मण्डनदेउपुर-५ काभ्रेकी राधिकाले पत्रकारिता र राजनीतिशास्त्रमा



स्नातकोत्तर एवं एलएलबीसमेत गरेकी छन् । पतिले परिकल्पना गरेका मौलिक वस्तुलाई बजारीकरण गर्ने र मौलिक स्वाद पस्किने सपना राधिकालाई पनि उचित लाग्यो र यसमा दाहाल दम्पती सक्रिय छन् । मौलिक भान्सा र बजारको व्यवस्थापनदेखि बजारीकरणको जिम्मा राधिकाले लिएकी छन् । उनी भन्छिन्, "चुनौतीहरू धेरै छन् । त्यो पार गर्दै धेरै यसमा लाग्नुपर्छ । अहिलेको विश्वव्यापी मन्दीको अवस्थामा उत्पादनमा जानुको विकल्प छैन ।"

**मौलिक परिकारमा बगियादेखि भक्कासम्म**

मौलिक भान्सामा सात प्रदेशका विशेष परिकार पाक्दै आएको छ । मौलिक खानाको पारखीहरूको लागि उत्तम गन्तव्य हुन सक्छ, मौलिक भान्सा । दाहाल भन्छन्, "हामीले सबै प्रदेशका विशेष चर्चित परिकार पस्कँदै आएका छौं । प्रदेश १ का किनेमा र झ्याउ, तराईका भक्का, मधेस प्रदेशका बगिया र गहुँको रोटी, बाग्मती प्रदेशका नेवारी खाजा सेट र योमरी, गण्डकी प्रदेशका पोखरेली जेठोबूढो चामलको खीर र सेलरोटी, लुम्बिनी प्रदेशका खिचडी र ढिकरी, कर्णालीका मार्सीको खाना र कसार तथा सुदूरपश्चिमबाट माडा र रोटा आदि परिकारहरू विशेष परिकारमा सामेल छन् ।"

उनले भने, "ढिंडो, खीर, चाम्रे, पुवादेखि लिएर स्थानीय मौलिक सबै परिकारलाई हामीले पेय र खाजा, खानाका रूपमा पस्किंदै आएका छौं । बजार व्यवस्थापक राधिकाका अनुसार मेरो ठाउँको के उत्पादन आयो भनेर खोज्दै आउनेहरूको भीड बढ्दो छ । आफ्नो गाउँघरको उत्पादन पाएपछि खुशी हुनेहरू पनि उत्तिकै छन् । यसलाई पैसासँग दाँज्न सकिंदैन मौलिक बजार तथा भान्साघर परियोजना अन्तर्गत सङ्ग्रहालयसमेत बनाइएको छ । यसभित्र देशैभर उत्पादन हुने १४० प्रकारका बीउ राखिएका छन् । त्यस्तै, परम्परागत सीपमा आधारित विभिन्न वस्तुहरू सङ्ग्रहालयभित्र छन् । मौलिक भान्साघरले प्रत्येक वर्षको माघ महीनामा व्यञ्जन महोत्सवको आयोजना गर्दै आएको अध्यक्ष दाहाल बताउँछन् । यस अन्तर्गत यस वर्षको माघ १ गते ८४ व्यञ्जनसहितको मेला आयोजना गरिएको थियो ।

दाहालका अनुसार स्वदेशी वस्तुको प्रवर्द्धन र विस्तारका लागि हामीले विभिन्न मेला र आयोजनाहरू गर्दै आएका छौं । यस वर्षको मेलाको परिकल्पना अनुसार हप्तामा सातै वार, सात प्रदेश, सात विशेष परिकार, सात पक्षी, सात स्वाद अनि सात संस्कृति तथा सात पहिरनका साथै सातै दिन सांस्कृतिक साँझको अवधारणा राखेर कार्यक्रमसहितको मेला आयोजना गरिएको थियो । यस वर्षका ५२ हप्तामा साप्ताहिक उत्पादन तथा मेला सञ्चालन भइरहेको छ ।

मौलिक उत्पादनसहितको परियोजना सात रोपनी जग्गामा सञ्चालित रहेको छ । अध्यक्ष दाहाल भन्छन्, "बासँघारी रहेको भिरालो जमीनलाई परिस्कृत गरेर अर्गानिक खेतीको सुरुआत गर्‍यौं तर पाँच वर्षअघि लिएको जग्गामा लगातार चार वर्ष राम्रो उत्पादन भएन । तैपनि हामी हतास भएनौं र निरन्तर खेती गरिरह्यौं । बिस्तारै खेती सप्रिंदै गयो र यस वर्ष राम्रै उब्जनी भएको छ ।"

आयुर्वेदको अध्ययन गरेका दाहालले हर्बल कस्मेटिक्सका उत्पादनहरूसमेत बजारमा ल्याएका छन् । यसका साथै अदुवा र लसुनको पेस्ट बनाउने उद्योग सञ्चालनमा ल्याएर सुपथ मूल्यमा उपलब्ध गराउँदै आएका छन् ।

**प्रशोधनदेखि ब्रान्डिङ र प्याकेजिङसम्म**

मौलिक बजारको कम्पान्डभित्र पाँचवटा प्रोजेक्ट सञ्चालनमा रहेको राधिका बताउँछिन् । मौलिक भान्सामा गाउँगाउँको मौलिक उत्पादनलाई बजारीकरण गर्ने गरिएको छ भने प्रशोधन उद्योगसमेत सञ्चालनमा रहेको छ । यसले हाम्रो उत्पादनको प्रशोधन, ब्रान्डिङ र प्याकेजिङसम्मको काम गर्छ । 'फ्यामिली प्रोडक्सन हाउस' भनेर नामकरण गरिएको यस उद्योगले सामानलाई बजारीकरण गर्नु अघिको सबै प्रक्रिया पूरा गर्छ । यसका साथै पाँच रोपनी जग्गामा सञ्चालन गरिएको अर्गानिक कृषि फार्ममा तरकारी, सागसब्जी उत्पादन गर्नुका साथै पशुपक्षी पालन गरेको बताए । राधिका भन्छिन्, "व्यापारको दृष्टिकोणले व्यवस्थापन गर्न सक्यौं भने सजिलो हुने रहेछ ।"

मौलिक खानाको स्वाद लिनेहरूले हप्ताका सातै दिन सातै प्रदेशका सांस्कृतिक झाँकी र नृत्यहरूको मजासमेत लिन सक्नेछन् । मौलिक भान्साघरसँगै बनाइएको सांस्कृतिक हलमा सांस्कृतिक कार्यक्रम प्रस्तुत हुने गर्छ । यहाँ अग्रिम बूकिङ गरेर पनि कार्यक्रमहरू गर्न सकिन्छ । बूकिङ गर्नेले आफ्नै कलाकार ल्याएर पनि कार्यक्रम गर्न सक्ने उनको भनाइ छ । बस्न खानको लागि कटेजहरूको व्यवस्था गरिएको छ ।

**चुनौतीहरू पन्छिँदै जान्छ**

मौलिक बजारको बजार व्यवस्थापनको जिम्मेवारी सम्हालेकी राधिका भन्छिन्, "नेपाली उत्पादनहरूलाई विश्वास नगर्ने एउटा चुनौती छ । हामीसँग यति राम्रो कस्मेटिकको उत्पादन छ तर भित्रको वस्तु नहेरेर बाहिरको आकर्षक प्याकेजिङलाई विश्वास गर्ने चलन हटाउन सकिएको छैन । सीमित स्रोत साधनमा हामीले जे उत्पादन दिन खोजिरहेका छौं, त्यो चीन र भारतबाट आएको सामानको प्याकेजिङ जस्तो नदेखिने हुँदा बजारीकरणमा समस्याको सामना गर्नुपरेको छ । यद्यपि हामीले बिस्तारै जनमानसको विश्वास जित्ने प्रयास गर्दै आएका छौं ।" उनका अनुसार बिस्तारै नेपाली उत्पादनलाई माया गरेर प्रयोग गर्ने क्रम बढ्न थालेको छ । नेपाली पैसा नेपालमैं राख्नुपर्छ भन्ने भावना बढ्दैछ ।

प्रविधि र जनशक्तिको समस्या पनि मुख्य चुनौतीका रूपमा रहेको राधिका बताउँछिन् । उनी भन्छिन्, "हामीसँग प्रविधि सीमित छ । मेशीन हामीले भारत र चीनबाटै मगाउनुपर्छ । सामानको प्याकेजिङ र ब्रान्डिङका लागि यहाँ राम्रो मेशीन चलाउन जान्ने मान्छेको अभाव छ । पाइहाले पनि टिकाउन नसक्ने अवस्था छ ।" आर्थिक मन्दीको प्रभावले व्यवसाय सञ्चालन गर्न समस्या भएको उनको भनाइ छ । सीमित स्रोत साधनले काम गर्नुपरेको बताउँदै उनी भन्छिन्, "महिला उद्यमशीलताका लागि राज्यबाट सहुलियत पाएका छैनौं । धितो नभएसम्म बैंकले ऋण दिन पनि मान्दैन । महिला सहुलियत कर्जा, दलित कर्जालगायत छन् तर त्यसका लागि पनि अन्त्यमा चाहिने धितो नै रहेछ ।"

यस क्षेत्रमा निकै धेरै सम्भावना रहे पनि स्वदेशी र मौलिक उत्पादनलाई बढावा दिन सरकारले जनचेतना बढाउने उद्देश्य राखेर प्रचारप्रसार नहुँदा बजारीकरणको समस्याले उत्पादनमा वृद्धि हुन सकेको छैन, युवाहरूले स्वदेशमैं रोजगार नपाउँदा विदेश जानुपर्ने बाध्यता रहेको उनको भनाइ छ । सरकारले विदेशी केही वस्तुहरूमा कर र मूल्य अभिवृद्धि करलाई कडाइ गर्‍यो भने स्वदेशी उत्पादनको स्वतः माग बढ्नेछ र यसले बजार पाउने उनी बताउँछन् ।



**महाकाली-मेची साइकल यात्रामा दुई साइकल यात्री:** रमेश मल्ल र सतीश निरौला महाकाली-मेची साइकल यात्राको दशौं दिन बरमझियाको पेडा र कोशी ब्यारेजमा । तस्बिर: रूपनी जिएम/रासस

## फरक समाचार

# फलामको फोक्सोमा जीवन व्यतीत

'द मैन इन द आयरन लङ' नामले चर्चित पोल अलेक्जेन्डरको ७८ वर्षको उमेरमा निधन भएको छ । उनको जीवन थुप्रै व्यक्तिको लागि प्रेरणाको स्रोत बन्न सक्छ । अलेक्जेन्डर छ वर्षको हुँदा उनी पोलियोको शिकार भए, त्यसपछि उनलाई सास फेर्नको लागि विशेषरूपले फलामको फोक्सोमाथि निर्भर हुनुपर्‍यो । यसको बावजूद पनि उनले एउटा असाधारण जीवन बाँचे जुन परिस्थितिलाई चुनौती दिने उपलब्धिले भरिपूर्ण छ । अलेक्जेन्डरको जीवनयात्रा कुनै चमत्कारभन्दा कम छैन । घाँटीदेखि तल पक्षघात भएपछि उनी फलामको फोक्सोमाथि निर्भर हुनुपर्‍यो ।



दृढ सङ्कल्पको बलमा केही समयको लागि उनले स्वतन्त्ररूपले सास फेर्न सिकेका थिए । यो एउटा यस्तो सीप थियो, जसलाई सिक्न उनलाई वर्षौं लाग्यो । उनका मित्र डैनियल स्पिंक्स भन्छन्– अलेक्जेन्डरले आफ्नो फोक्सोमा हावा भर्न सिकेका थिए, जस कारण उनी केही समय फलामको फोक्सोविना बाँच्न सक्थे । अलेक्जेन्डर आफ्नो मुखमा एउटा विशेष उपकरणको मदतले कम्प्युटरमा टाइप गर्न सक्थे र फोनको प्रयोग पनि गर्थे । यस क्षमताबाट नै उनले प्रतिकूल परिस्थितिमा पनि आफ्नो सपना साकार गर्न सके । उनले कानूनको डिग्री हासिल गरे र आफ्नो आत्मकथा 'थ्री मिनट्स फर ए डोगः माइ लाइफ इन एन आयरन लङ' पनि लेखे ।

उनको सकारात्मक दृष्टिकोण र आफ्नो क्षमताभन्दा बढी जान्ने चाहनाले नै आज उनी धेरैको लागि प्रेरणाको स्रोत बनेका छन् । अहिले उनको कथा, अन्तर्वार्ता आदि विभिन्न सामाजिक सञ्जालमा भाइरल भएको छ ।

डैनियल स्पिंक्स और गैरी कोक्सलगायत उनका साथीले अजेक्जेन्डरको सकारात्मक व्यवहार र दयालुपनलाई सम्झन्छन् । अलेक्जेन्डरले साबित गरेका छन्, दृढ सङ्कल्प र सकारात्मक दृष्टिकोणको साथ कठिन परिस्थितिमा पनि एउटा सार्थक जीवन जिउन सकिन्छ ।

# खुट्टामा कसरी देखिन्छ मधुमेहको सङ्केत

मधुमेह यस्तो रोग हो, जसमा थोरै पनि लापरवाही गर्दा ज्यानसम्म जान सक्छ । मधुमेह भएपछि हाम्रो शरीरले इशारा दिन्छ । खुट्टामा चेतावनीको सङ्केत देखिन्छ, जसलाई चिन्नुपर्छ नत्र चिनीको स्तर अचानक बढेपछि स्वास्थ्य स्थिति बिग्रिन सक्छ । डा इमरान अहमदले भने– मधुमेहको सङ्केत खुट्टामा देखिएपछि तुरुन्त ब्लडमा ग्लुकोजको टेस्ट गराउनुपर्छ ।




**खुट्टा दुख्ने:** जब तपाईं मधुमेहको शिकार बन्नुहुन्छ, तब तपाईंलाई डायबेटिक न्युरोपेथी हुन सक्छ । यो यस्तो स्वास्थ्य अवस्था हो, जसमा नसा क्षतिग्रस्त हुन्छ । जसले गर्दा खुट्टामा तीव्र दुखाइ र खुट्टा सुन्निन थाल्छ साथै खुट्टा सुन्न पनि हुन सक्छ ।

**नङको रङ परिवर्तन:** मधुमेह भएपछि खुट्टाको नङको रङ बदलिन्छ । नङ साधारणतया गुलाबी हुन्छ तर अचानक कालो देखिएपछि यसलाई हलुकामा लिनु हुँदैन र तुरुन्तै रगतको जाँच गराउनुपर्छ ।

**छाला कडा:** मधुमेह भएपछि पाइतालाको छाला निकै कडा हुन्छ । यद्यपि यो गलत आकारको जुत्ता लगाउँदा पनि हुन्छ । यसो भएपछि तुरुन्त ब्लड सुगर टेस्ट गराउनुपर्छ ।

**खुट्टामा अल्सर:** जब फूट अल्सर हुन्छ, तब खुट्टामा घाउ भएको देखिन्छ । कैयौंपटक छाला पनि पलाउन थाल्छ । यो रोग बढ्यो भने खुट्टा काट्नुपर्ने हुन्छ । यसै कारण समयमैं मधुमेहको पहिचान गरेर ब्लड सुगरलाई नियन्त्रित गर्नुपर्छ ।

# चार हजार वर्ष पुरानो लिपिस्टिक

इरानमा संसारकै सबैभन्दा पुरानो लिपिस्टिक भेटिएको छ । यो चार हजार वर्ष पुरानो छ । यो संसारको पहिलो लिपिस्टिक वा लिप पेन्ट हो । सुन्दर ढङ्गले बनाइएको ढुङ्गाको सीसीमा लिपिस्टिक भेटिएको छ ।

इरानको दक्षिणीपूर्वी भागमा भेटिएको यो लिपिस्टक कांस्य युगको रहेको बताइन्छ । एउटा बाढीको कारण पुरानो कब्रिस्तानबाट यो जमीनमा आइपुगेको थियो । सन् २००१ मा वैज्ञानिकले यो लिपिस्टिक भेटेका थिए । यसबारे फेब्रुअरीको साइन्टिफिक रिपोर्ट नामक पत्रिकामा प्रकाशित भएको छ ।



अध्ययन अनुसार इरानको हलिल नदी घाँटीमा सन् २००१ मा आएको बाढीले कांस्ययुगको मारहासी सभ्यताको पुरानो अवशेषलाई बाहिर ल्याइदिएको थियो । मेसोपोटामिया सभ्यतामा रहेका व्यक्तिहरूको यो लिपिस्टिक हुन सक्ने बताइएको छ ।

शोधकर्ता भन्छन्– इरानको कर्मन प्रान्तको जिराफ्ट क्षेत्र भेटिएको यो लिपिस्टिक हरियो रङको ढुङ्गाको एउटा सानो सीसीमा छ । गहिरो रातो रङको सौन्दर्य प्रसाधन जुन सायद ओठलाई रङ्ग गर्ने लेप वा पेन्ट हुन सक्छ । यस सीसीलाई इरानको जिराफ्ट पुरातत्त्व सङ्ग्रहालयमा राखिएको थियो । इटलीको पडुआ विश्वविद्यालय, इरानको तेहरान विश्वविद्यालय र रोमको भूमध्यसागरीय और प्राच्य अध्ययनको लागि अन्तर्राष्ट्रीय सङ्घका शोधकर्ताहरूले यसको विश्लेषण गरेका थिए । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## मुम्बईबाट काङ्ग्रेसको 'जनन्याय पदयात्रा'को औपचारिक समापन

मुम्बई, ४ चैत/एएनआई

विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेसले राजनीतिक जागरणका लागि आयोजना गरेको 'जनन्याय पदयात्रा' आइतवार मुम्बईको मणिभवन सङ्ग्रहालयबाट शुरू भई क्रान्ति मैदानमा पुगी समापन भएको छ । यससँगै अभियानको यो चरणको सबै कार्यक्रम सकिएको छ ।

तस्वीर: सौजन्य



आइतवार आयोजित पदयात्रामा केन्द्रीय नेता राहुल गाँधी, पार्टीका महासचिव प्रियङ्का गाँधी वाड्रा र अभिनेत्री स्वरा भास्करले सहभागिता जनाएका थिए ।

पदयात्रालाई गाँधी स्मारक स्तम्भमा पुगेर पुष्पहार अर्पण गरी नेता राहुलले यो चरणको जनन्याय यात्राको औपचारिक समापन गरेका हुन् ।

पदयात्रापछि आयोजित कोणसभामा अभिनेत्री स्वरा भास्करले राहुलले सञ्चालन गरेको भारत जोडो यात्राको दुई चरणको प्रशंसा गरेकी थिइन् ।

उक्त अवसरमा नागरिकता संशोधन ऐन (सिएए)का विषयमा केन्द्र सरकारको आलोचना गर्दै चुनावी घेराबाट बाहिर आएको वास्तविकता लुकाउन सत्ताधारी गठबन्धनले सिएएको अधिसूचना र नियमहरू जारी गरेको उनले बताइन् ।

सत्ताधारी गठबन्धनले १० वर्षदेखि जनतालाई मूर्ख बनाउन यो रणनीति प्रयोग गर्दै आएको उनले जिकिर गरिन् ।

काङ्ग्रेस महासचिव वाड्राले जनतालाई राष्ट्रको वास्तविक अवस्था जानकारी गराउन 'भारत जोडो न्याय यात्रा'को आयोजना गरिएको बताइन् ।

उनले छ हजार ७०० किलोमिटर यात्रा गर्दै अभियान शनिवार मुम्बईमा पुगेको बताइन् ।

देशको वास्तविकता बुझ्नुको महत्त्वलाई जोड दिँदै नेता वाड्राले भनिन्, "राष्ट्रको बारेमा सत्य बुझ्नु महत्त्वपूर्ण रहेको र न्याययात्राले यो काम गरेको आफ्नो बुझाइ रहेको छ ।"

कार्यक्रममा राहुल गाँधीले जनचेतनामा जानाजानी आक्रमण भइरहेको र यसबारे जनतालाई सुसूचित गर्न 'न्याययात्रा' को अभियान चलाइएको र यसको औपचारिक समापन भएको बताए ।

उनले अभियानको अन्त्यसँगै प्रसिद्ध सामाजिक सञ्जाल एक्समा लेखेका छन्, "देशवासीका आँखामा लुकेका आशा र ससाना सपनाहरू साथमा लिएर आएको छु ।"

उनले शनिवार भारत जोडो न्याययात्राको यो चरणको कार्यक्रमको समापन भएको र यो न्यायको लागि लडाइँको सुरुआत भएको तर अन्त्य नभएको बताए । रासस

## विश्व स्वास्थ्य सङ्गठनका प्रमुखद्वारा रफाहमाथिको आक्रमण रोक्न आग्रह

जेनेभा, ४ चैत/सिन्हवा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का प्रमुखले गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा भइरहेको स्थलगत आक्रमण रोक्न इजरायललाई आग्रह गरेका छन् ।

डब्ल्युएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले ट्वीटरमार्फत जारी सन्देशमा लेखेका छन्, "रफाहमाथि इजरायलले स्थलगत आक्रमण गर्ने योजनाले मलाई निकै चिन्तित तुल्याएको छ," उनले भने, "घना बस्ती भएको यस क्षेत्रमा हिंसाको थप वृद्धिले धेरैको मृत्यु र पीडा निम्त्याउनेछ । विशेषगरी स्वास्थ्य संस्थाहरू पहिले नै क्षमताभन्दा बढी सेवा दिन बाध्य भइरहेका छन् । आक्रमणपछि यहाँको स्वास्थ्य अवस्था थप अस्तव्यस्त हुनेछ ।"

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले शुक्रवार रफाहमा आक्रमण गर्ने योजनालाई अनुमोदन गरेका छन् ।

डब्ल्युएचओ प्रमुख टेड्रोसले यो मानवीय विपत्तिलाई अझ खराब हुन दिनु नहुने बताउँदै इजरायललाई सैन्य अभियान अघि नबढाउन र 'मानवताको लागि' शान्तिको बाटो तय गर्न आग्रह गरेका छन् । रासस

## पाकिस्तानी पूर्वप्रधानमन्त्री खानविरुद्धको मानहानि मुद्दा खारेज

इस्लामाबाद, ४ चैत/एएनआई

पाकिस्तानका पूर्वप्रधानन्यायाधीश इफ्तिखार मोहम्मद चौधरीले पूर्वप्रधानमन्त्री इमरान खानविरुद्ध २० अर्ब पाकिस्तानी रुपियाँ बिगो दाबीसहित दायर गरेको मानहानिको मुद्दालाई इस्लामाबादको एक जिल्ला अदालतले शनिवार खारेज गरेको छ ।

जुलाई २०१४ मा चौधरीले इमरान खानलाई सन् २०१३ को आम चुनावमा धाँधली गरेको र उनीद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाउँदै २० अर्ब पाकिस्तानी रुपियाँ बिगो दाबीसहित मानहानिको सूचना जारी गरेका थिए ।

खानले आफ्नो भनाइका लागि माफी नमागे कानूनी प्रक्रिया शुरू गर्ने चेतावनी उक्त सूचनापछि चौधरीको कानूनी टोलीले दिएको थियो ।

चौधरीले जनवरी २०१५ मा औपचारिकरूपमा मुद्दा दर्ता गरेका थिए । मुद्दामा पाकिस्तानका पूर्वप्रधानन्यायाधीशले २७ जून २०१४ मा इमरान खानद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाएका थिए ।

द एक्सप्रेस ट्रिब्यूनको रिपोर्ट अनुसार लामो प्रक्रियापछि अदालतले इमरान खानको पक्षमा फैसला सुनाएको छ र चौधरीद्वारा दायर गरिएको मुद्दा खारेज गर्दै मानहानिको सूचना हद नाघेपछि जारी गरिएको बताएको छ ।

न्यायाधीश हसिना सकलैनले आफ्नो फैसलामा भनेकी छन्, "मुद्दा अनुसार अन्तिम कथित मानहानिपूर्ण बयान सन् २०१४ जून २७ मा गरिएको थियो र मुद्दा सन् २०१५ को जनवरी २० मा दायर गरिएको थियो । मुद्दा दायर गर्दा छ महीना २४ दिन हद नाघिसकेकोले मुद्दालाई खारेज गरिएको छ ।"

अदालतले मानहानिसम्बन्धी सामग्री प्रकाशित भएको मितिले छ महीनाभित्र मानहानि मुद्दा दायर गर्नुपर्ने र त्यसो गर्न नसके मानहानि अध्यादेश २००२ को दफा १२ अनुसार मुद्दा गर्न नमिल्ने उल्लेख गरेको छ ।

सन् २०२२ को अप्रिलमा अविश्वासको प्रस्तावमार्फत सत्ताच्युत भएयता पाकिस्तान तेहरीक–ए–इन्साफ (पिटिआई)का संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री खानले थुप्रै कानूनी चुनौतीको सामना गर्दै आएका छन् । उनी हाल रावलपिण्डीस्थित पाकिस्तानी केन्द्रीय कारागारमा छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – ईश्वरभक्ति | वृश्चिक – रोगभय |
| धनु – नारीसुख | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




दाङको घोराही उपमहानगरपालिका–१६ स्थित तेरौटेमा बिक्रीका लागि बजार लैजान किसानले टिपेर व्यवस्थापन गरेको गोलभेंडा । किसानले उत्पादन गरेको गोलभेंडा दाङमा प्रतिकिलो रु ३० का दरले थोकमा बिक्री भइरहेको छ । तस्बिर: कुलदीप न्यौपाने/रासस

## एक महीने सिलाइकटाइ तालीम समापन

प्रस, पोखरिया, ४ चैत/

रुरल स्किल डेभलपमेन्ट सेन्टर प्रालिको आयोजना र पोखरिया नगरपालिकाको सहयोगमा पोखरिया–९ सेमरवारीमा सञ्चालित एक महीने सिलाइकटाइ तालीम आइतवार सम्पन्न भएको छ ।

पोखरिया नगरपालिका वडा नं ३, ६, ७, ८, ९, १० का महिलाहरूका लागि सञ्चालन गरिएको तालीममा सहभागी महिलाले सिलाइकटाइ सीप सिकेका छन् । महिलाहरूले सिकेको सीपलाई जीवनोपयोगी बनाउँदै आर्थिक रूपान्तरण गर्न सक्नुपर्ने पोखरिया नगरपालिकाकी उपप्रमुख रूबी ठाकुरले बताइन् ।

तस्वीर: प्रतीक



नगरपालिकाले पोखरियाका महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले समयसमयमा सीपमूलक तालीम आयोजना गर्दै आएको उनले बताइन् । तालीममा सहभागी १२ जना महिलालाई उपप्रमुख ठाकुरले प्रमाणपत्र तथा सिलाइकटाइ मेशीन हस्तान्तरण गरेकी थिइन् । तालीमको समापन वडाध्यक्ष नौसाद आलमको अध्यक्षतामा भएको थियो ।

समापन कार्यक्रममा योजना प्रमुख सञ्जय पाण्डे, सामाजिक शाखा प्रमुख वाल्मीकि साह, सहायक नरेन्द्र साह, नेकपा एमाले नगर अध्यक्ष विन्ध्याचल ठाकुर, शिक्षा शाखा प्रमुख विजय झा, भगवान साह, ललन पटेल, नीरज ठाकुर, नेता रामअयोध्या कुर्मी, प्रशिक्षक बिन्दादेवी चौरसिया, कार्यपालिका सदस्यहरू, वडासदस्यहरूको सहभागिता थियो ।

## राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित विषयगत प्रतिवेदन सार्वजनिक

काठमाडौं, ४ चैत/रासस

राष्ट्रिय तथ्याङ्क कार्यालयले जनगणनाका नतीजा र जनगणना सञ्चालनसँग सम्बन्धित विषयगत चार प्रतिवेदन सार्वजनिक गरेको छ ।

प्रमुख तथ्याङ्क अधिकृत तोयम रायाले आइतवार आयोजित कार्यक्रममा राष्ट्रिय जनगणना २०७८ को नतीजामा आधारित तथ्याङ्कलाई विश्लेषण गरी तयार गरिएका विषयगत प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

पछिल्लो जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको, वार्षिक औसत जनसङ्ख्या वृद्धिदर शून्य दशमलव ९२ प्रतिशत रहेको, पहिलोपटक विसं १९६८ मा लिएको जनगणनासँग तुलना गर्दा अहिले करीब पाँच गुणाले जनसङ्ख्या वृद्धि भएको र जनसङ्ख्या वृद्धिदर यही कायम रहे नेपालको जनसङ्ख्या दोब्बरले वृद्धि हुन ७५ वर्ष लाग्ने तथ्याङ्क कार्यालयले जनाएको छ ।

पहाडी र हिमाली क्षेत्रका ३४ जिल्लाका वार्षिक जनसङ्ख्या ऋणात्मक र तराईका सबै जिल्लाका जनसङ्ख्या धनात्मक रहेको, सबैभन्दा बढी ऋणात्मक वृद्धिदर रामेछापमा माइनस एक दशमलव ६७ प्रतिशत र सबैभन्दा बढी काठमाडौंमा सात प्रतिशत वृद्धिदर रहेको तथा करीब दुई तिहाइ अर्थात् ६६ प्रतिशत जनसङ्ख्या नगरपालिका क्षेत्रमा रहेको आज सार्वजनिक प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, विसं २०६८ को तुलनामा समग्र साक्षरता दर नौ दशमलव छ प्रतिशतले वृद्धि भई ७६ दशमलव दुई प्रतिशत पुगेको, महिलाभन्दा पुरुष साक्षरता दर करीब १४ प्रतिशत बढी रहेको, पहाडमा सबैभन्दा बढी ८० दशमलव नौ र हिमाल तथा तराईमा लगभग बराबर अर्थात् ७३ प्रतिशत साक्षरता दर रहेको छ ।

त्यस्तै, अन्य लिङ्गीको जनसङ्ख्या दुई हजार ९२८ रहेको प्रतिवेदनमा उल्लेख छ । घर तथा परिवारको अवस्थासम्बन्धी प्रतिवेदनमा ६६ लाख ६० हजार ८४९ परिवारमध्ये ८६ प्रतिशत आफ्नै स्वामित्वमा भएको आवासीय एकाइमा, १२ दशमलव आठ प्रतिशत भाडाको घर र बाँकी सरकारी वा संस्थागत कार्यालयसहितका आवासीय एकाइमा बसोबास गर्ने उल्लेख छ ।

विसं २०७८ को जनगणना अनुसार परिवारको आकार औसतमा चार दशमलव चारजना रहेको, सुदूरपश्चिम र मधेस प्रदेशमा चार दशमलव सात, नगरपालिकामा चार दशमलव तीन र गाउँपालिकामा चार दशमलव पाँचजना सदस्य परिवारमा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ का क्रममा मुलुकको आम सञ्चारमाध्यमले अपेक्षा गरे अनुसार समाचार सामग्री सम्प्रेषण गरेको सो अवसरमा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### भ्रष्टाचारीलाई ...

ल्याउनुपर्ने, सुक्खायाम शुरू हुन लागेको र खानेपानी समस्या सिर्जना हुने बताउँदै त्यसको पूर्वतयारीमा जुट्न सरकारसँग माग गरिएको बताए ।

किसानलाई समयमा मलको व्यवस्था, कोशी प्रदेशको सीमाङ्कन र नामाङ्कनमा पुनर्विचार गर्नुपर्नेलगायत साङ्गठनिक निर्णय गरिएको उनले बताए । उनले बैठकमा नौलो गणतन्त्र र सामाजिक लोकतन्त्रको अवधारणा अघि सार्ने निर्णय भएको बताए । यो अवधारणा अनुसार जनमत पार्टीले देशको कार्यकारी प्रमुख, प्रदेशका मुख्यमन्त्री एवं भ्रष्टाचारविरुद्ध काम गर्ने राष्ट्रिय न्यायाधीकरण अख्तियारजस्तो निकायको प्रमुख जनताबाट चुनिनुपर्ने व्यवस्था लागू गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा डा राउतले मधेस प्रदेश सरकार चरम भ्रष्टाचारमा डुबेको र मुख्यमन्त्री परिवर्तन भएर आफ्नो दलको बन्नुपर्ने माग दोहोर्‍याए । उनले यही शर्तमा जनमत पार्टी सरकारमा नगएको पनि बताए । पत्रकार सम्मेलनमा पार्टी सचिव बिपी साह, प्रवक्ता डा शरद यादवलगायतको सहभागिता थियो ।

### सच्याइएको

मिति २०८०/१२/३ गते यस दैनिकको अन्तिम पृष्ठमा प्रकाशित 'एमाले पर्साको अधिवेशन तोकियो' समाचारको डेटलाइन ३ चैत हुनुपर्नेमा तथा प्रथम पृष्ठमा 'भोजपुरी उडानको होलीमिलन' समाचारमा सुन्दरमल रामकुमार कन्या मावि हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । –सम्पादक

### भावी सन्ततिका ...

आएका नवीनतम् प्रविधिको प्रदर्शनी पनि हुनेछ । इन्टरनेशनल रेन वाटर हार्भेस्टिङ एलायन्सका अध्यक्ष हान हाइजनले वर्षात्को पानीलाई उपयुक्त समयमा उपयुक्त स्थानमा सङ्कलन गरेर मानवीय आवश्यकता पूरा गर्न सकिने बताएका थिए । स्मार्ट वास सोलुसन्स र नेदरल्यान्ड विकास संस्थाले खानेपानी तथा ढल व्यवस्थापन विभाग र नेपाल रेनवाटर हार्भेस्टिङ एलायन्सको समन्वयमा सम्मेलन हुन लागेको हो ।

## स्वास्थ्यकर्मीको निधन

प्रस, पोखरिया, ४ चैत/

पकाहामैनपुर गाउँपालिकाका स्वास्थ्यकर्मी अशोककुमार सिन्हाको मस्तिष्कघातबाट शनिवार राति निधन भएको छ ।



उच्च रक्तचापको कारण चार दिनअघि उनलाई मस्तिष्कघात भएको र एसएल न्यूरो अस्पतालमा भर्ना गरी उपचार भइरहेको थियो । पकाहामैनपुर गापा–४ लहावरथकरी निवासी ३८ वर्षीय स्वास्थ्यकर्मी सिन्हाको निधनमा आज पकाहामैनपुर गापामा शोक बिदा दिइएको छ ।

# चुरे पहाड विनाश गरेको भन्दै चिनियाँ कम्पनीविरुद्ध प्रदर्शन

प्रस, वीरगंज, ४ चैत/

चुरे तथा वनजङ्गल संरक्षण अभियानले आइतवार वीरगंजमा प्रदर्शन गर्दै चिनियाँ कम्पनीविरुद्ध नाराबाजी गरेको छ।

सिराहा, सप्तरी जिल्लाको महेन्द्र राजमार्ग बनाउने बहानामा चिनियाँ कम्पनीले चुरे पहाडको विनाश गरेको भन्दै अभियानले विरोध प्रदर्शन गरेको हो। प्रदर्शनको क्रममा 'चिनियाँ हस्तक्षेप बन्द गर', 'बिआरआई परियोजना खारेज गर', 'नेपालमाथिको अनावश्यक चिनियाँ हस्तक्षेप बन्द गर', 'राष्ट्रिय स्वाधीनता कायम गर' नारा लगाउँदै नगरपरिक्रमा गरेको थियो। अभियानका संयोजक सुनील यादवले चिनियाँ कम्पनीले चुरे पहाड उत्खनन गरी विनाश गरेको आरोप लगाए। उनले केही दिन अगाडि डिभिजन वन कार्यालय सिराहाले अवैधरूपमा उत्खनन गर्दै आएको चिनियाँ कम्पनी चाइना रेलवे नं २ इन्जिनीयरिङ ग्रुप कम्पनीको स्काभेटर र टिपर नियन्त्रण लिनुका साथै चिनियाँ नागरिकलाई पक्राउ गरेको बताए।



तस्वीर: सौजन्य

विरोध प्रदर्शनमा अभियानका चन्द्रप्रकाश सुवेदी, पुनदेव चौधरी, सुनील भान्जा, चित्रलेखा चौधरी, सुनील कुशवाहा, सुभाष यादव र पार्वती नेपाललगायतको सहभागिता थियो।

# प्रशासनिक भवनको शिलान्यास


तस्वीर: प्रतीक

प्रस, रौतहट, ४ चैत/

राजदेवी नगरपालिकामा नगरप्रमुख भिखारीप्रसाद यादवले प्रशासनिक भवनको शनिवार शिलान्यास गरेका छन्।

पालिकाले नौ कट्ठा १० धुर जग्गा खरीद गरी ११ करोड ९४ लाख रुपैयाँको लागतमा चार तले भवन निर्माणको लागि ठेक्का गरिएको प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले बताए।

शिलान्यास कार्यक्रममा उपप्रमुख राजकुमारी साह, इन्जिनीयर सञ्जय पाण्डे, योजना प्रमुख पङ्कज मिश्र, सूचना अधिकारी चन्द्रभूषण यादव, वडाध्यक्ष विजयशङ्कर यादव, रामईश्वर यादव, विश्वनाथ साहलगायतको सहभागिता थियो।

# निश्शुल्क दन्त शिविर सम्पन्न


तस्वीर: प्रतीक

प्रस, वीरगंज, ४ चैत/

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजको आयोजनामा बारा, तेलकुवामा दन्त शिविर सम्पन्न भएको छ।

महागढीमाई नगरपालिका-७ तेलकुवामा भएको शिविरमा २०९ जना लाभान्वित भएका नेशनल मेडिकल कलेजका प्रवक्ता सेराज अहमदले जानकारी दिए। शिविरमा २८ जनाको दाँत निकालिएको थियो भने निश्शुल्क औषधिसमेत वितरण गरिएको थियो।

शिविरमा डा अविनाश सिंह, डा हरेन्द्रमोहन सिंह, डा राजेश साह, डा सुर्बी मिश्र, डा सीमा यादवलगायतले दन्त परीक्षण गरेका थिए। कार्यक्रममा नगरप्रमुख उपेन्द्रप्रसाद यादव, वडाध्यक्ष शिवेन्द्रप्रताप सिंहलगायतको सहभागिता थियो।

# वित्तीय साक्षरतासम्बन्धी गोष्ठी



तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी ४ चैत/

पर्सागढी नगरपालिका-३ बडनिहारस्थित आशा लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरता तथा केन्द्र प्रमुख गोष्ठी सम्पन्न गरेको छ।

नगरप्रमुख गोकर्ण पाठकले कार्यक्रमको उद्घाटन गर्दै वित्तीय संस्थाबाट ऋण लिएर सदुपयोग गर्न सुझाव दिए। उनले ऋण लिएर व्यापार गर्दै बचत गर्न आग्रह गरे।

लक्ष्मीकुमारी कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा अनुगमन अधिकृत उत्तमकुमार कार्की, जनता माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरी तथा ५३ वटा समूहका प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा स्वागत उपशाखा प्रमुख मनमोहन पनिहर र सहजीकरण लक्ष्मी खत्री बुढाथोकीले गरेका थिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारीमा आएन | | | | |


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा-आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरीका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात् केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कपडा बरामद

प्रस, सिम्रौनगढ, ४ चैत/

भारतबाट नेपाल भित्र्याउने क्रममा बेलदारी प्रहरीले ७० हजार मूल्य बराबरको कपडा नियन्त्रणमा लिएको छ।

पचरौता नपा-२ पिपरपातीबाट ललचनहा जाने सडकखण्डमा प्रहरीलाई देखेपछि तस्कर कपडा छाडेर फरार भएको प्रहरीले जनाएको छ।

# खेलकूदको संसार

## परवानीपुर गोल्डकप: टाइब्रेकरमा हेटौंडा विजयी

प्रस, वीरगंज, ४ चैत/

तेस्रो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत आइतवार सम्पन्न दोस्रो दिनको खेलमा हेटौंडा फूटबल एकेडेमी मकवानपुर विजयी भएको छ।



शक्ति युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा चिडिया दह स्टार क्लब रौतहटलाई टाइब्रेकरमा दुईका विरुद्ध चार गोलअन्तरले पराजित गर्दै हेटौंडा विजयी भएको हो।

परवानीपुर खेलमैदानमा पहिलो हाफको १९औं मिनेटमा चिडियादहले पहिलो गोल गरेको थियो। त्यसको तीन मिनेटपछि हेटौंडाले गोल गरेर खेल बराबरी पारेको थियो। त्यसपछि हेटौंडा अर्को गोल गरी अग्रता बनायो। चिडियादहले थप एक गोल गर्दै खेल बराबरी बनायो। निर्धारित समयमा बराबरीमा भएपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो। आजको खेलको 'म्यान अफ दी म्याच' हेटौंडाका गोलकीपर अस्बिर गुम्बा घोषित भए।

भोलि सोमवार वीरगंज युनाइटेड क्लब र नवजनजागृति क्लब सिमराबीच हुने प्रेस संयोजक तिवारी यादवले बताए।

## राष्ट्रिय भलिबल प्रतियोगिता: पुलिस विजयी

काठमाडौं, ४ चैत/रासस

नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै आठौं महिला तथा पुरुष भलिबल च्याम्पियनशिपको महिलातर्फ विजयी सुरुआत गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा आइतवार भएको दोस्रो खेलमा पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो। पुलिसले कर्णालीमाथि पहिलो सेट २५-१२ ले जित्यो भने खेलको दोस्रो सेट २५-७ तथा तेस्रो सेट २५-८ ले आफ्नो पक्षमा पाऱ्यो।

त्यस्तै, आजै भएको पहिलो खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले मधेस प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गरेको छ। एपिएफले मधेसलाई २५-८, २५-७ र २५-२ ले पराजित गऱ्यो।

उक्त प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख तथा उपविजेताले रु अढाई लाख पाउनेछन्। त्यस्तै, तेस्रो हुने टोलीले रु एक लाख २५ हजार प्राप्त गर्नेछन्।

# काठ चिरान गरिरहेको अवस्थामा एकजना पक्राउ

बलिराम शुक्ला, बिरुवागुठी ४ चैत/

पर्सागढी नगरपालिका-१ मनवा गाउँबाट सालको गोलिया चिरान गरिरहेको अवस्थामा एकजना पक्राउ परेका छन्।

विन्ध्यवासिनी कोइलाभार वन क्षेत्रबाट काठ तस्करी गरी मनवास्थित रामायण चौधरीको आँगनमा काठ चिरान गरिरहेको अवस्थामा साझेदारी वनका अध्यक्ष रिजवानुल अन्सारी नेतृत्वको टोलीले सखुवाप्रसौनी गाउँपालिका-१ सियरहीका ४५ वर्षीय हरदेवप्रसाद उरावलाई पक्राउ गरेको हो।



टोलीले सो स्थानबाट बरामद गोलिया र हाते आरासहित उरावलाई कारबाईको लागि डिभिजन वन कार्यालय पर्सा पठाउने अध्यक्ष अन्सारीले बताए। सो कार्यमा संलग्न अर्का एक व्यक्ति र घरधनी रामायण चौधरी फरार रहेका र उनीहरूको खोजी भइरहेको सबडिभिजन वन कार्यालय, बडनिहारका सुबेदार विनोदप्रसाद कुर्मीले बताए।

# छात्राहरूको फोटो खिचेर अश्लील फोटो बनाउने युवक पक्राउ

सुग्रीव साह, भिस्वा, ४ चैत/

इलाका प्रहरी कार्यालय, पोखरियाले अश्लील तस्वीर, भिडियो बनाउने एकजना युवकलाई पक्राउ गरेको छ।

छिपहरमाई गाउँपालिका-५ बस्ने शाहजाद अहमदलाई प्रहरीले अश्लील भिडियो, तस्वीर बनाएको आरोपमा पक्राउ गरेको हो। उनीबाट आठ सयभन्दा बढी अश्लील तस्वीर, भिडियो बरामद भएको इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले बताए।


तस्वीर: प्रतीक

शाहजाद अहमदले गाउँटोलका महिला र विद्यालय जाने छात्राहरूको तस्वीर खिच्ने र अश्लील फोटो बनाएर साथीभाइलाई देखाउने कार्य गर्दै आएका थिए। सोही क्रममा निजसँग अश्लील भिडियो, तस्वीर रहेको थाहा पाएका स्थानीय युवकहरूले शाहजाद अहमदलाई पक्राउ गरी प्रहरीको जिम्मा लगाएका थिए।

# माथि सक्कली नोट र भित्र कागजको गड्डीसहित दुईजना पक्राउ

प्रस, सिम्रौनगढ, ४ चैत/

सिम्रौनगढ नगरपालिका-४ गङ्गानगरस्थित गण्डक नहरखण्डबाट प्रहरीले खोटा मुद्रासहित दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत, मोतिहारी ग्राम हरनरायणा-१० निवासी ३९ वर्षीय राजेश दास र अगरवा-४ निवासी ४३ वर्षीय रामप्रवेश दास रहेका छन्।

गस्तीमा रहेको अमृतगंज प्रहरी टोलीले बस चेकजाँच गर्दा दुवैजनाले बोकेका झोलामा माथिबाट रु एक हजारको नोट रहेको र बीचमा नोट छाप्ने कागजको बिटा रहेको १६ वटा गड्डी बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले जनाएको छ।



तस्वीर: प्रतीक

प्रहरीले चार हजार नोट पनि बरामद गरेको इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राइले जानकारी दिए। दुवैजना भारतीयमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।